अनुसूची-१

मितिः २०८३/०२/२८

**श्री इन्चार्ज/अध्यक्ष , सबै प्रदेश कमिटी,**

**विषयः** सुझाव सङ्कलनका लागि छलफल कार्यक्रम आयोजना गर्ने सम्बन्धमा ।

कमरेड, केन्द्रीय सचिवालयको आठौँ बैठकले 'निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदल' गठन गर्ने निर्णय गरेबमोजिम कार्यदलको बैठक जेठ २६ गते केन्द्रीय कार्यालय, च्यासलमा सम्पन्न भएको छ। केन्द्रीय सचिवालयको बैठकबाट पार्टीलाई वैचारिक, राजनीतिक र सङ्गठनात्मक रूपमा एकताबद्ध बनाउन पार्टी शुद्धीकरण, सुदृढीकरण तथा रूपान्तरणसहितको 'पार्टी पुनर्गठनको कार्ययोजना' तयार गर्ने कार्यादेश (म्यान्डेट) यस कार्यदलले प्राप्त गरेको छ ।

उक्त कार्ययोजनाको प्रस्ताव तयार गर्नका लागि निम्नानुसारको सहभागितासहित बैठक आयोजना गरी सुझाव सङ्कलन गर्ने निर्णय गरिएको हुँदा सोहीअनुसार भेलाको तयारीका लागि निर्देशित गरिन्छ । कार्यक्रमसम्बन्धी विस्तृत विवरण तथा निर्देशिका

१. कार्यक्रमको संयोजन र व्यवस्थापन य प्रदेशको हकमाः कार्यक्रमको संयोजन सम्बन्धित प्रदेशका इन्चार्ज कमरेडहरूले गर्नुहुनेछ र त्यसको आवश्यक व्यवस्थापन प्रदेश कमिटीले गर्नेछ ।
   - केन्द्रीय स्तरमाः पार्टी सम्बद्ध जनसङ्गठन, केन्द्रीय निकाय तथा विभागीय प्रमुखहरूको भेलाको संयोजन केन्द्रीय कार्यालयले गर्नेछ ।
   - जनसङ्गठनको हकमाः पार्टी सम्बद्ध जनसङ्गठनहरूको भेलाको व्यवस्थापन जनसङ्गठन समन्वय कमिटीले गर्नुपर्नेछ ।

२. भेलामा हुने सहभागिता य प्रदेशमा कार्यक्षेत्र तोकिएका केन्द्रीय कमिटीका सदस्यहरू, प्रदेश कमिटीका पदाधिकारीहरू र सो प्रदेश अन्तर्गतका जिल्ला कमिटीका पदाधिकारीहरू ।
   - जनसङ्गठनको हकमा इन्चार्जसहित जनसङ्गठनका केन्द्रीय पदाधिकारीहरू ।
   - केन्द्रीय निकायका पदाधिकारीहरू, विभागका प्रमुखहरू तथा विभागको जिम्मेवारीमा रहनुभएका केन्द्रीय सदस्य कमरेडहरू ।

३. सुझावका विषयवस्तु र तयारी बैठकमा मुख्य गरी निम्न विषयहरूमा केन्द्रित भई ठोस सुझावहरू उपलब्ध गराउनुपर्नेछः य निर्वाचनमा भएको निराशाजनक परिणामको कारण र निर्वाचनपश्चात् पार्टीपङ्क्तिको मनस्थिति एवं पार्टी काममा त्यसले पारेको असर ।
   - पार्टीपङ्क्तिको गिरेको मनोबल उच्च बनाउन र जनतासँगको टुटेको सम्बन्ध पुनः जोड्न खेल्नुपर्ने भूमिका ।

- पार्टीलाई वैचारिक, राजनीतिक र सङ्गठनात्मक रूपमा एकताबद्ध बनाउन पार्टी शुद्धीकरण, सुदृढीकरण तथा रूपान्तरणसहितको पार्टी पुनर्गठनको ठोस योजना ।
- पार्टी पुनर्गठनका सन्दर्भमा कार्यकर्ताको भावना र पार्टीको बृहत्तर हितलाई ध्यानमा राखी दिनुपर्ने सुझावहरू ।

नोटः समयको सीमालाई ध्यानमा राखेर छलफलका सुझावहरू लिखित रूपमा समेत सङ्कलन गरिनेछ । ४. कार्यक्रमको कार्यतालिका

| क.सं. | प्रदेश / क्षेत्र / निकाय | कार्यक्रमको मिति |
|---|---|---|
| १ | बागमती प्रदेश | जेठ ३० गते |
| २ | कोशी प्रदेश | असार २ गते |
| ३ | लुम्बिनी प्रदेश | असार ४ गते |
| ४ | सुदूरपश्चिम प्रदेश | असार ६ गते |
| ५ | कर्णाली प्रदेश | असार ८ गते |
| ६ | गण्डकी प्रदेश | असार ११ गते |
| ७ | मधेस प्रदेश | असार १३ गते |
| ८ | राजधानी विशेष प्रदेश | असार १६ गते |
| ९ | सम्पर्क विशेष प्रदेश | असार १७ गते |
| १० | जनसङ्गठन समन्वय कमिटी | असार १८ गते |
| ११ | केन्द्रीय निकाय र विभागहरू | असार १९ गते |

५. कार्यदलका तर्फबाट सहभागिता य सुझाव सङ्कलनका लागि कार्यदलका संयोजक र महासचिवसहित कार्यदलका आवश्यक अन्य सदस्यहरूको उपस्थिति रहनेछ ।

- प्रदेशको हकमा सम्बन्धित प्रदेश इन्चार्ज तथा कार्यदलका सदस्यको अनिवार्य उपस्थिति रहनेछ ।

६. सुझावको अभिलेखीकरण (तयारी) य छलफलमा प्राप्त सुझावहरूलाई व्यवस्थित रूपमा सङ्कलन गर्नका लागि कार्यक्रमको संयोजक आफैँले वा सहभागीहरूमध्ये कसैलाई लिखित जिम्मेवारी तोक्न सक्नुहुनेछ ।

- संकलित सुझावहरू अनिवार्य रूपमा लिखित रूपमा तयार गरी कार्यदलमा बुझाउनुपर्नेछ ।

७. छलफलको समय र हल व्यवस्थापन य विस्तृत र गम्भीर छलफलका लागि कम्तीमा ८ (आठ) घण्टाको समय उपलब्ध हुने गरी स्थान, समय र अन्य प्राविधिक एवं व्यवस्थापकीय प्रबन्ध मिलाउनुपर्नेछ ।

- सङ्गठनको दूरगामी महत्त्व राख्ने यस कार्यलाई गम्भीरतापूर्वक लिई तोकिएकै समयमा भव्य रूपमा सम्पन्न गरिदिनुहुन अनुरोध गरिन्छ ।

हार्दिक अभिवादनसहित !

(शंकर पोखरेल )
महासचिव

अनुसूची-२

**अनुसुची–२**

# १३ वटै समूहबाट प्राप्त सुझावहरूको सारसंक्षेप

**१ कोशी  निर्वाचन समीक्षाः प्रमुख कारणहरू**

- भदौ २३-२४ को घटनासँग जोडेर निर्वाचन परिणामको समीक्षा गर्नुपर्ने; त्यही घटना घटाउने शक्तिहरूकै डिजाइनमा चुनाव भएको ठहर,
- भदौ २३-२४ को सत्यतथ्य जनतासमक्ष राख्न/बुझाउन नसक्नु,
- त्रासदीपूर्ण मनोविज्ञान र भयको वातावरणमा चुनाव हुनु, मतदाताले स्वतन्त्र रूपमा मतदान गर्न नपाउनु,
- पार्टी नेतृत्व (विशेषतः अध्यक्ष) र पार्टीमाथि लगाइएको झुटा आरोप/लाञ्छना तथा सामाजिक सञ्जालमार्फतको दुष्प्रचार चिर्न/तोड्न नसक्नु,
- २०७९ को निर्वाचन नतिजालाई आधार मानी मातहत कमिटीहरूले गरेको गलत/सतही रिपोर्टिङका भरमा रणनीति बनाउनु; तल्ला कमिटीको रिपोर्टमाथि अन्धविश्वास गरी हार्नु,
- प्रमुख प्रतिस्पर्धी नछुट्याउनु, जनता/कार्यकर्ताको मनोविज्ञान नबुझी चुनावी रणनीति बनाउनु,
- विगतमा सुविधाजनक बहुमत नभएकाले जनअपेक्षा पूरा गर्न नसकेको तथ्य जनतासामु राख्न/बुझाउन नसक्नु,
- सरकारको उपलब्धिहरू (भौतिक पूर्वाधार विकास आदि) राम्ररी प्रचार गर्न नसक्नु, जनस्तरमा स्थापित गर्न नसक्नु,
- अन्य दलका कमजोरीको दोष समेत आफूले बोक्नुपर्ने अवस्था बन्नु,
- विरोधी शक्ति समूहहरूले चलाएको नकारात्मकता र निराशाको प्रभावप्रति सचेत नहुनु; त्यसैलाई देशी-विदेशी शक्तिले आफ्नो स्वार्थमा प्रयोग गर्नु,
- सत्तामा धेरै ध्यान केन्द्रित हुँदा जनअपेक्षा र वास्तविक काममा खाडल देखिनु; बुर्जुवा सुधारवादीसँग भिन्नता जनताले छुट्याउन नसक्ने अवस्था बन्नु, नयाँ लोकप्रियतावादी शक्ति देखा पर्नु,
- सरकारमा हुँदा समाजवादी कार्यक्रम/नीति ल्याउन नसक्नु, जबज (जनताको बहुदलीय जनवाद) को आर्थिक/सारपक्ष व्याख्या र व्यवहारमा लागू गर्न नसक्नु,
- आधारभूत वर्ग (भूमिहीन, किसान, मजदूर, निम्न तहका कर्मचारी) को समस्या सम्बोधन नहुनु; पार्टी सत्तामुखी/नेतामुखी हुनु,
- पेशागत आन्दोलन (शिक्षक लगायत) लाई सम्बोधन गर्न नसक्नु; शिक्षकहरूको मत/सहयोग नपाउनु,
- गठबन्धन सरकारको औचित्य पुष्टि गर्न नसक्नु, नोक्सानदायी हुनु,

केही ठाउँमा निर्वाचन प्रक्रिया निष्पक्ष नभएको गुनासो (मतगणना प्रतिशत, सुरक्षा निकायको भूमिका आदि),

- उम्मेदवारी छनोट ढिलो र अपारदर्शी हुनु (कतिपयलाई चुनाव लड्ने कुरा निर्वाचनको २ दिनअघि मात्र थाहा हुनु),
- सामाजिक सञ्जालमा सही/प्रभावकारी सामग्री (कन्टेन्ट) बनाउन नसक्नु,
- पार्टीभित्रैबाट घात-अन्तर्घात हुनु; पार्टीभित्रका स्वार्थकेन्द्रित समूहको प्रभाव पर्नु,  पार्टी कोषबाट व्यक्तिगत उपचार खर्च तिरेको विषयमा असन्तुष्टि/विरोध ।

नेतृत्व सम्बन्धी

- नेतृत्व जनतासँग प्रत्यक्ष जोडिनुपर्ने, भरपर्दो र व्यवहारिक हुनुपर्ने; बोलीचाली सुध्रनुपर्ने,
- नेताको तजबिजमा भन्दा सम्बन्धित तह/कमिटीले नै टिकट र मूल्याङ्कन निर्णय गर्न पाउनुपर्ने,
- एउटै व्यक्तिले पटक-पटक अवसर पाउने प्रवृत्ति अन्त्य हुनुपर्ने; कार्यकारी पदमा बढीमा २ कार्यकालको सीमा तोक्नुपर्ने,
- आवश्यक परे नेतृत्वले स्वयं जिम्मेवारी छाड्न/विदा लिन तयार रहनुपर्ने भन्ने धारणा (केही सहभागीहरूको),
- नेतृत्वको वरिपरि र भूगोलमा बस्ने भिन्न स्वभावका कार्यकर्ता समूहका कारण समस्या भएको महसुस ।

पार्टी पुनर्गठन सम्बन्धी

- पुनर्गठनलाई व्यक्ति वा पद केन्द्रित नबनाई समग्र तथ्यगत विश्लेषणका आधारमा सामूहिक रूपमा तहगत जिम्मेवारी लिने गरी अगाडि बढाउनुपर्ने,
- पुनर्गठन शीर्षदेखि वडा/तलसम्म (शीरदेखि तीरसम्म) हुनुपर्ने; “पुनर्गठन” शब्दको स्पष्ट परिभाषा नै पहिले गर्नुपर्ने,
- कमिटीहरू ठूला/भद्दा भई छलफलभन्दा भाषणमा सीमित हुने गरेकाले साना, छरितो कमिटी बनाउने गरी संख्या घटाउनुपर्ने,
- पार्टी पुनर्गठनको निर्णय राष्ट्रिय परिषद/महाधिवेशनको बैठक बोलाएर गर्नुपर्ने,
- टीके प्रथा (मनोमानी नियुक्ति/कृपापात्र प्रवृत्ति) रोकिनुपर्ने; सबैलाई अपनत्व महसुस हुने खालको पुनर्गठन हुनुपर्ने,
- वैचारिक स्पष्टता, संगठनात्मक लोकतन्त्र र आधुनिक कार्यशैलीमा आधारित आमूल परिवर्तन (च्वमष्अबी त्चबलकायचकबतष्यल) आवश्यक; युवा पुस्ताको आकांक्षा सम्बोधन गर्ने खालको हुनुपर्ने,

□

- निर्मम र वस्तुपरक आत्मसमीक्षालाई अनिवार्य बनाउँदै नीति, नेतृत्व, कार्यशैली, व्यवहार, आचरण र संरचनागत सुदृढीकरण सहितको पुनर्गठन गर्नुपर्ने,
- उपलब्धिहरूको फेहरिस्तसहित र कमीकमजोरी स्वीकार गर्दै जनविश्वास पुनः आर्जन गर्न श्वेतपत्र जारी गर्नुपर्ने,
  विधान संशोधन गरी र राष्ट्रिय भेला/महाधिवेशनका निर्णयहरू (जुन कार्यान्वयन नभएको गुनासो छ) लागू गरेर अनुशासित पार्टी बनाउनुपर्ने ।

विचार/नीति (जबज)

सम्बन्धी

- जबज (जनताको बहुदलीय जनवाद) लाई आत्मसात गर्दा रूपपक्षमा मात्र ध्यान गई सारपक्ष (वर्ग संघर्षलगायत) ओझेलमा परेको महसुस; यता पनि ध्यान दिनुपर्ने
- "सुखी नेपाली, समृद्ध नेपाल" लाई सबै वर्ग-समुदायको कार्यक्रमिक लक्ष्यको रूपमा जनभाषामा स्पष्ट परिभाषित र न्यूनतम लक्ष्य किटान गर्नुपर्ने

जनप्रतिनिधि परिचालन

सम्बन्धी

- पार्टीबाट निर्वाचित तीनै तहका जनप्रतिनिधिलाई पार्टीको लक्ष्यअनुरूप परिचालन गर्न नसकिएको स्वीकार्दै यसलाई पार्टी कामकै अभिन्न अंग मानी सम्बन्धित तहकै कमिटीप्रति उत्तरदायी बनाई देशव्यापी अभियान चलाउनुपर्ने,
- शीर्ष नेतृत्व/सत्ता संरचनासम्बन्धी भिन्न धारणा (केही सहभागीको),
- भदौ २३-२४ लाई प्रतिक्रान्ति ठान्ने र निर्वाचनमा सहभागी हुनु नै गल्ती थियो भन्ने धारणा,
- उपाध्यक्षदेखि माथिका नेतृत्व विदा भई महासचिवको नेतृत्वमा पार्टी अगाडि बढ्नुपर्ने भन्ने धारणा,
- अन्य दलसँग मिलेर सरकार बनाउने र संविधान संशोधनसम्बन्धी प्रतिबद्धता जनाउने जस्ता निर्णयहरू गल्ती थिए भन्ने धारणा ।

**२ मधेश प्रदेश १. नेतृत्व र पार्टी सञ्चालन सम्बन्धी**

- निर्वाचनका बखत नेतृत्वमा रहेका कमरेडहरूले दिएका विवादास्पद अभिव्यक्तिका कारण मतदातामा नकारात्मक असर परेको (बुँदा ३),
- पार्टी नेतृत्वको व्यवहार र कार्यशैलीका कारण समस्या सिर्जना भई सुधार आवश्यक रहेको,
- निर्वाचनको समयमा शीर्ष नेतृत्व जिल्ला-जिल्लामा जान नसक्नु र प्रचार-प्रसार कार्यक्रममा नबोलाइएको,

□

- वर्तमान परिस्थिति अनुकूल नरहेको अवस्थामा पनि निर्वाचनमा जानु कमजोरी भएको ।

२. गुटबन्दी, आन्तरिक लोकतन्त्र र संगठनात्मक कमजोरी

- पार्टीभित्रको गुटबन्दीका कारण निर्वाचनमा हार बेहोर्नुपरेको,
- आधारभूत तहका पार्टी कमिटीहरू चलायमान नहुनु,
- पार्टी कमिटीका बैठकहरू नियमित रूपमा नबस्ने गरेको,
  पार्टी कमिटीले गरेको निर्णय संस्थागत रूपमा नलिने, निर्णयको अपनत्व नलिने प्रवृत्ति,
- पार्टी कमिटीभित्र आलोचना/आत्मालोचना नहुने, भइहाले पनि व्यक्तिगत ईगोका रूपमा लिने गरिएको,
- सबै क्षेत्रमा निर्वाचन परिचालन कमिटी गठन गरे पनि प्रभावकारी रूपमा चल्न नसकेको,
- जनसंगठनहरू नाममा मात्र सीमित रही कमिटीहरू प्रभावकारी नभएको,
- पार्टी सदस्यता विस्तार गरे पनि सदस्यहरूलाई प्रशिक्षण दिन नसकिएको,
- विगतका निर्वाचनको वस्तुनिष्ठ समीक्षा नगरिएकाले अन्तर्घात गर्नेलाई कारबाही नहुँदा अराजकता बढेको ।

३. छानवीन/पारदर्शिता सम्बन्धी

- भदौ २३/२४ को घटनाबारे छानबिन समिति बनाए पनि यथार्थ विवरण सार्वजनिक नगरिएको ।

४. जनसरोकार, सरकारको कार्यसम्पादन र नीतिगत असफलता

- स्वदेशमा रोजगारीको अवसर सिर्जना हुन नसकेका कारण मध्यमवर्गीय परिवार टाढिई मत घटेको,
- शिक्षक आन्दोलनको सम्बोधन नहुनु, उखु किसानको अनुदान कट्टा, दुध किसानको भाका/बक्यौता भुक्तानी नहुनु, कृषि/पशु बिमाको समस्या समाधान नहुनु,
- भूमि आयोगले जनताको भावना अनुसार प्रभावकारी काम गर्न नसकेको, □ बन्द भएका उद्योगहरू सञ्चालनका लागि बजेट विनियोजन गर्न नसकेको ।

५. राजनीतिक समीकरण, छवि र आन्दोलनसँग सम्बन्धित

- माओवादी/कांग्रेससँग बारम्बार समीकरण परिवर्तनले "सत्ताका लागि मात्र" भन्ने भ्रम पैदा गरी मत घटाएको,
- पार्टीले गरेका राम्रा काम र राष्ट्रियताको पहरेदारीबारे जनतालाई बुझाउन नसकेको,

- जेनजी आन्दोलनबाट सिर्जित अवस्थाबारे जनतालाई बुझाउन नसक्नु; विरोधीको लाञ्छना खण्डन गर्न नसक्नु; कांग्रेस, नेकपा, राप्रपा, मधेशवादी दलहरूको चौतर्फी आक्रमणमा पर्नु,
- "मधेश मूल" सेन्टिमेन्टले मधेशका मतदातामा प्रभाव पारी मत घटेको,
- असन्तुष्ट कमरेडहरूले सामाजिक सञ्जालमार्फत असन्तुष्टि व्यक्त गर्दा मतदातामा भ्रम र मनोवैज्ञानिक असर परेको ।

६. जनप्रतिनिधि/स्थानीय तहसँग सम्बन्धित

- कतिपय जिल्लामा जनप्रतिनिधिको भूमिका प्रभावकारी नहुनु, आर्थिक पारदर्शिता नहुनु, कार्यशैली/व्यवहार ठीक नहुनु, पार्टी निर्देशन नमान्नु,
- निर्वाचनका बखत कतिपय जिल्लाका जिम्मेवार कमरेडहरूले गाडीमा पार्टीको झण्डा नराख्ने प्रवृत्ति, कतिपय जिल्लामा कार्यशैलीका कारण नेता र कार्यकर्ताबीचको सम्बन्ध सुमधुर नभएको ।

**३ बाग्मती प्रदेश १. निर्वाचन पराजयका बाह्य कारणहरू**

- पार्टी र नेतृत्वमाथि चौतर्फी राजनीतिक प्रहार/घेराबन्दी भएको,
- सामाजिक सञ्जाल र डिजिटल एल्गोरिदममार्फत भ्रम/दुष्प्रचार फैलाइएको, यसमा विदेशी/अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको संलग्नताको आशंका,
- लोकप्रियतावादी (उयउगष्कित) शक्तिको उदय र नयाँ मतदातामाथि यसको प्रभाव,
- भदौ २३-२४ को घटनापछिको राजनीतिक वातावरणले निर्वाचनमा नकारात्मक असर पारेको,
- चुच्चे नक्सा प्रकाशन, मुस्ताङको युरेनियम, दैलेखको ग्याँस खानी जस्ता विषयमा विदेशी स्वार्थ रहेको आशंका र यसका कारण एमालेविरुद्ध लाग्ने प्रवृत्ति,
- सुशीला कार्की नेतृत्वको सरकारले असंवैधानिक रूपमा निर्वाचन गराएको र यसबाट राष्ट्रिय स्वतन्त्र पार्टीले फाइदा लिएको,
- रास्वपा/लोकप्रियतावादी पार्टीहरूतर्फ नयाँ तथा युवा मतदाता आकर्षित भएको ।

२. निर्वाचन पराजयका आन्तरिक कारणहरू (नीति/कार्यसम्पादन)

- पार्टी सत्तामुखी भई प्रतिपक्षको भूमिका बलियो बनाउन नसकेको,
- सरकारमा छँदा सुशासन कायम गर्न नसक्नु, जनप्रतिनिधि भ्रष्टाचारमा मुछिनु,
- जनताको दैनिक समस्या र वर्गीय (श्रमजीवी, किसान, मजदुर) सवालसँग सम्बन्ध कमजोर भएको,
- शिक्षक आन्दोलन उचित सम्बोधन नहुनु; उखु किसानको अनुदान कटौती; दुध किसानको

भाका/बक्यौता भुक्तानी नहुनु; कृषि तथा पशु बीमाको समस्या समाधान नहुनु,

- भूमिहीन किसानलाई काम र लालपुर्जा दिन नसक्नु; ३-४ वर्षसम्म ड्राइभिङ लाइसेन्स दिन नसक्नु; निजामती सेवा ऐन नबनाउनु,
- भूमि आयोगले जनताको भावना अनुसार प्रभावकारी काम गर्न नसकेको,
- बन्द भएका उद्योग सञ्चालनका लागि बजेट विनियोजन/सञ्चालन गर्न नसकेको,
- विकासका काम भए पनि तिनलाई जनतासँग राजनीतिक रूपमा जोड्न नसकिएको; घोषणापत्र, नीति र बजेटबीच तालमेल कमजोर,
- योजना छनोट वैज्ञानिक आधारमा नभई नेताको पहुँच/भनसुनमा आधारित हुनु,
- गैर-वामपन्थी/बुर्जुवा-राजावादी शक्तिसँग सत्ता साझेदारी गरेकोले जनतालाई पाच्य नभएको; अपवित्र गठबन्धनका कारण अरूको गल्तीको अपजस पनि पार्टीलाई लागेको,
- सार्वजनिक क्षेत्र सबल बनाउनुको सट्टा उल्टो पिरामिड बनिनु; जनप्रतिनिधि शासकजस्ता र संगठनका कार्यकर्ता दासजस्तो व्यवहारमा पर्नु,
- वर्तमान परिस्थिति पार्टीअनुकूल नरहेको बेला पनि निर्वाचनमा जानु कमजोरी भएको ।

३. भदौ २३-२४/जेनजी आन्दोलन सम्बन्धी

- घटनाबारे छानबिन समिति बनाए पनि यथार्थ विवरण सार्वजनिक नगरिएको,
- घटनालाई मात्र देशी-विदेशी षड्यन्त्र भनी आन्तरिक कमजोरी नबुझ्ने प्रवृत्ति; तर केहीले यसलाई सडयन्त्र नै भएको दृढतापूर्वक ठोकुवा गरेका,
- शान्तिपूर्ण आन्दोलन समापन घोषणा भएपछि अकस्मात मोटरसाइकलमा त्यही भेषका मानिसहरूले हाइज्याक गरेको आरोप; प्रहरीले गोली चलाउनु आवश्यक थियो कि थिएन भन्ने प्रश्न,
- विद्यार्थी मृत्युमा सरकारले जिम्मेवारी नलिँदा भोलिपल्टको विध्वंसकारी घटनामा उही शक्तिले फाइदा लिएको,
- सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत, व्यापारिक/निजी घर जलाउने कार्यमा आतंककारीलाई तालिम दिइएको आरोप,
- घटनापछि पार्टी अध्यक्षमाथि हत्याराको आरोप लाग्दा नेताहरूले प्रभावकारी खण्डन/प्रतिवाद गर्न नसकी उल्टो राजीनामा माग्नु/चिरफार गर्नु दुःखद रहेको,
- सचिव तहबाट देखाइएको साहसको प्रशंसा,
- घटनालाई देशको संकटकालको रूपमा हेर्नुपर्ने र यसबाट सिर्जित परिस्थिति जनतालाई राम्ररी बुझाउन नसकिएको ।

४. नेतृत्व सम्बन्धी (दुई फरक धारणा) नेतृत्व

संरक्षणको पक्षमाः

- संकटको बेला मूल नेतृत्वलाई प्रहार नगरी संरक्षण गर्दै पार्टी एकता कायम राख्नुपर्ने,
- हारको दोष एक व्यक्ति (अध्यक्ष) माथि मात्र नथोपारी सचिवालय, केन्द्रीय नेतृत्व, प्रदेश, जिल्ला, जनप्रतिनिधि र सम्पूर्ण पार्टी तहले सामूहिक जिम्मेवारी लिनुपर्ने,
- महाधिवेशनबाट (दुई तिहाइभन्दा बढी मतले) निर्वाचित नेतृत्वलाई विधि/विधानविपरीत नहटाउने,
- महाधिवेशन सम्पन्न भएको ३ महिनामै नेतृत्व परिवर्तन/राजीनामाको माग राजनीतिक अदूरदर्शिता हो भन्ने ।

नेतृत्व हस्तान्तरण/पुस्तान्तरणको पक्षमाः

- लामो समयदेखि एउटै अनुहार नेतृत्वमा रहँदा जनता र युवामा वितृष्णा बढेको,
- विधानले अध्यक्षको २ कार्यकाल र ७० वर्ष उमेरहदको प्रावधान हटाउँदा कार्यकर्तामा निराशा भएको,

□

- पटक-पटक सांसद/मन्त्री/समानुपातिक अवसर पाउने प्रवृत्ति रोक्नुपर्ने,
- नेतृत्व हस्तान्तरण बैधानिक विधिबाट हुनुपर्ने कि स्वघोषणाबाट भन्ने प्रश्न उठेको,
- तेस्रो पुस्तामा नेतृत्व हस्तान्तरण गर्न पुरानो पुस्ता तयार हुनुपर्ने; अनुभव र नयाँ पुस्ताको ऊर्जा मिसाई नेतृत्व निर्माण गर्नुपर्ने,
- नेतृत्व चयनमा पुरानो र नयाँ पुस्ताबीच निश्चित अनुपात (जस्तै ६०:४०) कायम गर्ने सुझाव, नेतृत्व विकासको स्पष्ट संस्थागत मार्गचित्र/प्रणाली बनाउनुपर्ने ।

५. पार्टी संगठन, कमिटी प्रणाली र संस्थागत कमजोरी

- कमिटी प्रणाली भन्दा व्यक्ति बलियो भएको; निर्णय प्रक्रिया पारदर्शी नभएको,
- तल्ला कमिटीको सिफारिस माथिल्लो तहले लत्याउने गरेको; अधिवेशनपछि कमिटी निष्क्रिय हुने प्रवृत्ति
- वडा र पालिका कमिटीका बैठकमा गणपूरक संख्या नपुग्ने अवस्था,
- सदस्यता नवीकरणमा ठेकेदारी प्रवृत्ति; स्वेच्छाले नवीकरण गर्दा लगभग १०% मात्र नवीकरण हुने अवस्था,
- केन्द्रीय कमिटी (हाल ३०० जना) संख्या घटाई चुस्त र कामकाजी बनाउनुपर्ने,
- भूगोल/जिम्मेवारी वितरणमा अनुभवहीन व्यक्तिलाई जिम्मेवारी दिने प्रवृत्ति; भूगोल नबुझेका/नेताको वरिपरि घुम्नेलाई मात्र प्राथमिकता दिने परिपाटी,
- सचिवालयमा निर्णय नहुँदै केन्द्रीय पदाधिकारीले सामाजिक सञ्जालमा व्यक्तिगत धारणा राख्ने प्रवृत्ति,
  □ व्यक्तिगत भेटघाट/कोठे बैठकको सट्टा संस्थागत प्रणालीबाट पार्टी चल्नुपर्ने,
- पार्टीको संस्थागत निर्णय विरुद्ध स्थानीय तहमा आफ्नै नेताहरू लाग्ने र कार्यान्वयनमा अवरोध सिर्जना गर्ने प्रवृत्ति देखिएको ।

६. उम्मेदवार छनोट र टिकट वितरण

- स्थानीय भूगोल, तल्ला कमिटी र कार्यकर्ताको सुझाव बेवास्ता गरी माथिबाट टिकट दिने प्रवृत्ति,
- जनताले नपत्याएका वा पटक-पटक अवसर पाएका व्यक्तिलाई उम्मेदवार बनाउने,
- बहालवाला जनप्रतिनिधिलाई अर्को तहको उम्मेदवार बनाउने प्रवृत्ति (जस्तै प्रदेश सांसद/स्थानीय जनप्रतिनिधिलाई प्रतिनिधि सभा उम्मेदवार बनाउनु),
- नेताहरूले आफ्ना छोराछोरी/आफन्तलाई टिकट दिँदा जनताको असन्तुष्टि बढेको,
- दुईपटकभन्दा बढी संसदीय टिकट नदिने र अवसरको न्यायोचित वितरण गर्नुपर्ने सुझाव,
- उम्मेदवार छनोटको अधिकार सम्बन्धित (स्थानीय/प्रदेश तहको) कमिटी वा संगठित सदस्यको प्राइमरी निर्वाचनमार्फत तोक्नुपर्ने,

□

- कतिपय जिल्लामा जिल्ला कमिटीले सिफारिस गरेको उम्मेदवार केन्द्रबाट साटिएको विशिष्ट गुनासो,
- संसदीय दलको नेता चयनमा विवाद (एक जनालाई सिफारिस गरिएकोमा अर्कैलाई नेता बनाइएको उदाहरण उल्लेख भएको, जसलाई राम्रो सन्देश भएको ठान्नेहरू पनि छन्) ।

७. जनप्रतिनिधि र स्थानीय तहसँग सम्बन्धित

- कतिपय जिल्लामा जनप्रतिनिधिको भूमिका प्रभावकारी नहुनु, आर्थिक पारदर्शिता नहुनु, कार्यशैली/व्यवहार ठीक नहुनु र पार्टी निर्देशन नमान्नु,
- जनप्रतिनिधि र पार्टी संगठनबीच स्पष्ट समन्वय प्रणालीको अभाव; जनप्रतिनिधिले घोषणापत्र, स्थानीय आवश्यकता, सुशासन र जनहितअनुसार काम गर्ने र नियमित प्रतिवेदन बुझाउने व्यवस्था हुनुपर्ने, निर्वाचनका बखत कतिपय जिल्लाका जिम्मेवार कमरेडहरूले गाडीमा पार्टीको झन्डा नराख्ने प्रवृत्ति
- कतिपय जिल्लामा कार्यशैलीका कारण नेता र कार्यकर्ताबीचको सम्बन्ध सुमधुर नभएको,
- नेताका सम्पत्तिको सार्वजनिकीकरण गर्नुपर्ने; गैर-बामपन्थीसँग सत्ता साझेदारी नगर्ने घोषणा गर्नुपर्ने सुझाव ।

८. जनसंगठन सम्बन्धी

- जनसंगठनहरू नाममा मात्र सीमित रही तिनका कमिटी प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको,
- जनसंगठनहरू जनतासँग जोडिन नपाएको; जिल्ला कमिटीभन्दा तल जनसंगठन नै नरहेको,
- जनसंगठन जनतासँग जोडिनुको सट्टा नेतामुखी/पदमुखी बनेको; विद्यार्थी, युवा, महिला, किसान, पेशागत र वर्गीय संगठनले जनताको वास्तविक मुद्दा बोक्न नसकेको,
- जनसंगठनहरू नेता उत्पादन गर्ने नर्सरीमात्र बनेको; नेताको वरिपरि घुमेर जनसंगठनमा नेतृत्व हत्याउने परिपाटी हावी भएको,
- जनसंगठनको भूमिका जनताका सवालसँग जोड्नुपर्ने; पार्टीले जनसंगठनको स्वायत्तामा हस्तक्षेप नगर्नुपर्ने ।

९. सदस्यता विस्तार, प्रशिक्षण र वैचारिक धरातल

- सदस्यता संख्या बढाउने नाममा गुणस्तर कमजोर भएको; बढाइएको सदस्यतालाई प्रशिक्षण दिन नसकिएको,
- कार्यकर्तामा मार्क्सवादी-लेनिनवादी वैचारिक अध्ययन र प्रशिक्षण कमजोर भएको, □ मतदाता नामावली र संगठनात्मक अभिलेख दुरुस्त राख्नुपर्ने ।

□

१०. कार्यशैली, नैतिक आचरण र अनुशासन

- नेता केन्द्रित चाकडी, गुटबन्दी, अवसरवाद, व्यक्तिगत स्वार्थ, भड्किलो जीवनशैली, आर्थिक/सांस्कृतिक विचलन जस्ता प्रवृत्ति देखिएको,
- पार्टीभित्र आलोचना-आत्मालोचनाको संस्कृति हराएको; आलोचनालाई व्यक्तिगत इगोका रूपमा लिने प्रवृत्ति,
- कम्युनिस्ट र गैर-कम्युनिस्ट आचरणबीचको भिन्नता हराउँदै गएको; नव सामन्तवादी/निम्न पूँजीवादी चिन्तन हाबी हुनु,
- सांसद/मन्त्री भइसकेपछि सामान्य कार्यकर्ता बन्न नसक्ने प्रवृत्ति; राजनीति सेवाभन्दा व्यापार-व्यवसायजस्तो बन्दै गएको,
- कमरेडली भावना हराउँदै गई कमरेडसँग नै डर लाग्ने वातावरण सिर्जना हुनु,
- आफ्नै पार्टीका उम्मेदवारलाई अन्तर्घात गरी हराउने प्रवृत्ति र अन्तर्घातीलाई कारबाही नहुनु,
- बेथिति, अनियमितता र भ्रष्टाचारविरुद्ध मूकदर्शक बन्ने प्रवृत्ति,
  अनुशासन आयोग र लेखा आयोगले विधि/विधान तथा आर्थिक अनुशासन उल्लंघन गर्नेलाई प्रभावकारी कारबाही गर्नुपर्ने,
- फरक मतलाई दमन र सजायको सहारा नलिने ।

११. सामाजिक सञ्जाल, डिजिटल उपस्थिति र सञ्चार

- पार्टीको डिजिटल/सामाजिक सञ्जाल उपस्थिति कमजोर रहेको, प्रतिस्पर्धीहरूले यसको प्रभावकारी प्रयोग गरेको,
- असन्तुष्ट कमरेडहरूले सामाजिक सञ्जालमार्फत असन्तुष्टि व्यक्त गर्दा मतदातामा भ्रम र मनोवैज्ञानिक असर परेको,
- नेतृत्वविरुद्ध सामाजिक सञ्जालमा जथाभावी लेखेर अरूलाई पाठ सिकाउने प्रवृत्ति बन्द गर्नुपर्ने,
- नेताको जीवनशैली/व्यवहार पारदर्शी हुनुपर्ने; के लेख्ने के नलेख्ने भन्ने विवेक अपनाउनुपर्ने,
- तत्कालीन सरकारले सामाजिक सञ्जाललाई करको दायरामा ल्याउन खोज्दा यसलाई गलत तरिकाले प्रचार गरी पार्टीविरुद्ध प्रयोग गरिएको,
- डिजिटल प्रचार, सामाजिक सञ्जाल व्यवस्थापन र नयाँ पुस्तासँगको संवादका लागि विशेष रणनीति तत्काल बनाउनुपर्ने ।

१२. युवा, महिला र नयाँ मतदातासँग सम्बन्ध

- नयाँ मतदाता र युवा पुस्ता पार्टीबाट टाढिएको; युवाहरूको विदेश पलायन रोक्ने नीति चाहिने,

□

- युवालाई कार्यक्रममा बोलाउने मात्र नभई विचार, नेतृत्व, उत्पादन, रोजगारी, उद्यम, प्रविधि र सामाजिक अभियानसँग जोडेर जिम्मेवारी दिनुपर्ने,
- महिलाको मत निर्णायक (करिब ५२%) रहेको; महिलालाई संगठन र नेतृत्वमा प्रभावकारी रूपमा नल्याएसम्म जनमत विस्तार कठिन हुने,
- महिला नेतृत्व विकास, महिलाका आर्थिक-सामाजिक मुद्दा, परिवार/समुदायमा महिलाको प्रभाव र श्रमजीवी महिलाको सहभागिता सुनिश्चित गर्ने विशेष नीति ल्याउनुपर्ने,
- व्यवसायमा संलग्न युवाहरूलाई पनि पार्टीमा जोड्नुपर्ने; नेताका छोराछोरी र प्रवासी नेपालीलाई पनि पार्टीसँग जोड्नुपर्ने ।

१३. विशिष्ट/व्यक्तिगत घटनाहरूको उल्लेख

- पार्टी अध्यक्षलाई सरकार गठन भएको २४ घण्टाभित्र अपमानजनक/गैरकानुनी तरिकाले पक्राउ गरिएको गुनासो,
- पूर्व राष्ट्रपतिलाई पार्टी सदस्यता प्रदान गर्ने विषयमा विभाजित धारणा (स्वागतयोग्य ठान्ने र सक्रिय राजनीतिमा नआउनु उचित हुने भन्ने दुवै मत),
- पार्टी विभाजन (२०७४ पछिको एकता र २०७७/७८ को विभाजन) र चौथो/छैटौं/सातौं/आठौं महाधिवेशनको ऐतिहासिक सन्दर्भमा टिप्पणी,
  नेकपा (एकीकृत समाजवादी) गठन भएको ऐतिहासिक प्रसंग र यसबाट सिकाइ लिनुपर्ने,
- अध्यक्षलाई मात्र हटाउने कुरा स्वीकार्य नहुने भन्ने बहुसंख्यक धारणा, तर केही ठाउँमा नेतृत्व परिवर्तनको खुला माग पनि आएको ।

१४. पुनर्गठन कस्तो हुनुपर्छ भन्ने साझा धारणा

- पुनर्गठन व्यक्ति परिवर्तन मात्र नभई नीति, नेतृत्व, संगठन, कार्यशैली, व्यवहार, जनसम्बन्ध, जनसंगठन, उम्मेदवार छनोट, मूल्याङ्कन र सुशासन सबै क्षेत्रमा हुनुपर्ने,
- पुनर्गठन विधि, विधान र संस्थागत प्रक्रियाबाटै हुनुपर्ने; एकताबद्ध, वस्तुनिष्ठ र सबै तहको सहभागितामा हुनुपर्ने,
- पुनर्गठनका नाममा तल्लो तहसम्म विभाजित मानसिकता/दंगाफसाद नहुनुपर्ने; पक्ष-विपक्ष गरी गिजोल्न नहुने,
- सबैले (नेतृत्वदेखि कार्यकर्तासम्म) त्याग गर्न तयार हुनुपर्ने; सामूहिक संकल्पका साथ सुदृढीकरण, शुद्धिकरण र पुनर्जागरण गर्नुपर्ने,

□

- पार्टीको आधारभूत वर्ग (श्रमजीवी, किसान, मजदुर, शिक्षक, सुकुम्बासी, युवा बेरोजगार, महिला, मध्यम वर्ग) का मुद्दामा स्पष्ट नीति र कार्यक्रम ल्याई रोजगारी, आय, उत्पादन, शिक्षा, स्वास्थ्य, सुशासन र सामाजिक न्यायलाई राजनीतिक एजेन्डाको केन्द्रमा राख्नुपर्ने ।

## ४ राजधानी प्रदेश १. निर्वाचन परिणाम र राजनीतिका मुख्य कारण तथा कमजोरीहरू (उठाइएका विषयहरू)

- अपेक्षा नगरिएको निर्वाचन परिणाम र बाह्य प्रभावः फागुन २१ को निर्वाचनमा पार्टीले अपेक्षा नगरिएकोपरिणाम भोग्नुको मुख्य कारण भदौ २३ र २४ गतेका घटनाहरूको षड्यन्त्रको निरन्तर शृङ्खला थियो । निर्वाचनका बेला अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत मतदाताहरूको मनमा मनोवैज्ञानिक रूपमा त्रास र दिग्भ्रम सिर्जना गरी मत परिणामलाई प्रभावित पारिएको थियो ।
- नीतिगत अडानमा दोहोरो चरित्रः संसद पुनर्स्थापनाको सन्दर्भमा पार्टी केन्द्रले लिएको अडान सैद्धान्तिक रूपमा सही भए तापनि, संसद पुनर्स्थापना भनिरहँदा फेरि नेतृत्वसहित निर्वाचनको प्रतिस्पर्धामा सामेल हुनुले पार्टी आफ्नो निष्कर्ष र अडानमा आफैँ टिक्न नसकेको देखियो। यसलाई जनताले पार्टीको दोहोरो चरित्रको रूपमा बुझे र जनविश्वास कमजोर भयो ।
- जनप्रतिनिधिलाई राजीनामा गराई उम्मेदवार बनाउनुः कतिपय स्थानमा बहालवाला निर्वाचित जनप्रतिनिधिहरूलाई राजीनामा गराएर प्रतिनिधि सभा निर्वाचनमा उम्मेदवार बनाइनु गम्भीर त्रुटि थियो। यसले गर्दा पार्टी नेतृत्वको नजरमा एकै व्यक्ति मात्र सक्षम देखिने र अवसरहरू एकै व्यक्तिमा मात्र केन्द्रित हुने स्थिति बन्यो, जसले पार्टीका अन्य योग्य व्यक्तिहरूमा चरम निराशा पैदा गर्‍यो। अर्कोतर्फ, निर्वाचनमा पराजय भोग्नुपर्दा भइरहेको संसदीय शक्ति समेत गुम्न पुग्यो ।
- भदौ २३ र २४ को घटनालाई हेर्ने दृष्टिकोणमा अलमलः भदौ २३ गतेको नवयुवाहरूको प्रदर्शन लोकतान्त्रिक अभ्यासका हिसाबले सही थियो भन्ने र २४ गतेको घटना षड्यन्त्रको आधार थियो भन्ने

विरोधाभासपूर्ण दृष्टिकोण जनताको संवेदनासँग मेल खाएन । भदौ २३ मा युवाहरूको प्रदर्शन लोकतान्त्रिक अभ्यास भए तापनि, सोही दिन अज्ञात समूहबाट गोली चलाई युवाहरूको नरसंहार गर्ने र आन्दोलनलाई विध्वंसात्मक बनाउन प्रेरित गर्ने षड्यन्त्रकारी विषयलाई पार्टीले स्पष्ट रूपमा छुट्याएर अभिव्यक्त गर्नुपर्नेमा त्यसो हुन सकेन ।

- पार्टीको असंवेदनशील र दम्भी छविः आन्दोलनमा अनाहकमा ज्यान गुमाउने नवयुवा र तिनका परिवारप्रति पार्टीले समयमै श्रद्धाञ्जली र सहानुभूति प्रकट नगर्दा जनताको संवेदनालाई स्विकार्न नसकेको देखियो । फलस्वरूप, एमाले नेतृत्व र सिङ्गो पार्टी नै 'हत्यारा, असंवेदनशील र दम्भी' हो भन्ने भाष्य (लबचचबतष्खभ) समाजमा स्थापित हुन पुग्यो । भदौ २४ लाई नकारात्मक रूपमा हेर्ने पार्टीपङ्क्तिले समेत मतदानको दिन सो घटनालाई नजरअन्दाज गर्ने अवस्था बन्यो ।

- राजनीतिभन्दा निर्वाचनलाई प्राथमिकता दिनुः २०७९ पछि पार्टी निरन्तर रूपमा सत्ता र निर्वाचन केन्द्रित मात्र भयो । 'निर्वाचन जित्नु नै राजनीति हो' भन्ने मान्यता बोक्दै ५ वर्ष अगाडि नै प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्ने र निर्वाचनमुखी केन्द्रीय मिसनहरू मात्र सञ्चालन गर्दा राजनीति दोस्रो र निर्वाचन पहिलो प्राथमिकतामा पऱ्यो, जसले जनविश्वास अझ कमजोर बनायो र राजनीति नै हार्ने जोखिमयुक्त अवस्था सिर्जना भयो ।

- प्रधानमन्त्री घोषणाको नकारात्मक असरः जुन विध्वंस र आन्दोलनको बलमा सत्ता गुम्यो र संसद विघटन भयो, त्यही आन्दोलनमा नैतिक जिम्मेवार ठहरिएका व्यक्तित्वलाई नै फेरि प्रधानमन्त्री घोषणा गर्दा सबै निर्वाचन क्षेत्रमा प्रधानमन्त्रीका प्रतिस्पर्धी विरुद्ध मतदान हुने वातावरण बन्यो । यसले गर्दा पार्टीका उम्मेदवारहरूको व्यक्तिगत प्रभाव र छवि राम्रो भए तापनि उनीहरू जनमत पाउनबाट वञ्चित भए ।

- नेतृत्वको नैतिक दायित्व र सार्वजनिक प्रतिबद्धताको कमीः एमालेको तत्कालीन सरकारमा प्रतिनिधित्व गर्ने नेतृत्वपङ्क्तिले भदौ २३ को घटना, युवाहरूको नरसंहार र विध्वंसलाई जनसंवेदना ध्यानमा राखी उदार भएर लिनुपर्ने र नैतिक दायित्व स्विकार्नुपर्ने थियो । सिङ्गो पार्टीपङ्क्ति र कमिटीहरूबाट मारिएका युवाप्रति श्रद्धाञ्जली दिँदै राष्ट्र र जनताको पक्षमा युवाहरूको आवाज सुनुवाइ गर्ने गम्भीर सार्वजनिक प्रतिबद्धता नेतृत्वले जनाउनुपर्छ। सोही अनुसार पार्टीको पुनर्गठन र पुनर्संरचना नगरे आगामी निर्वाचनमा योभन्दा ठुलो क्षति व्यहोर्नुपर्ने चेतावनी दिइएको छ ।

२. विद्यमान पार्टी सञ्चालन र साङ्गाठनिक ढाँचामा देखिएका समस्याहरू

- नेताकेन्द्रित कार्यकर्तापङ्क्तिको विकासः एमाले लेनिनवादी साङ्गठानिक सिद्धान्त, जनआधारित कार्यकर्ता ढाँचा र कमिटी प्रणालीमा सबल मानिए तापनि (विशेषगरी १० औँ महाधिवेशनपछि) पार्टीमा जनआधारित कार्यकर्ताभन्दा 'नेताकेन्द्रित' कार्यकर्तापङ्क्तिको विस्तार भएको छ ।

- अवसरवादीहरूको घेराबन्दी र कमिटीको बेवास्ताः पार्टी निरन्तर सरकारमा रहँदा राजकीय सुविधा र अवसरका लागि तीव्र प्रतिस्पर्धा भयो । पार्टी नेतृत्व अवसरवादी समूहहरूको घेराबन्दीमा पऱ्यो । सरकार सञ्चालनका क्रममा पार्टी कमिटीहरूको भूमिका र सुझावलाई पूर्ण रूपमा बेवास्ता गरियो ।

- नेताका घरदैलौमा कार्यकर्ताको सक्रियताः कमिटीको बेवास्ता भएपछि कार्यकर्ताहरू पार्टी निर्माण वा जनआधारित राजनीतिक अभियानमा लाग्नुको साटो नेताहरूको निवास, मन्त्रालय र मन्त्री निवासको घरदैलो अभियानमा सक्रिय हुन बाध्य भए । यसले पार्टीको कामलाई दोस्रो दर्जाको र नेताको अगाडि नियमित उपस्थित हुनुलाई पहिलो दर्जाको कामको रूपमा स्थापित गर्‍यो, जसले सङ्गठनलाई कमजोर बनायो ।

- जनसङ्गठनहरूको पहिचान सङ्कटः जनसङ्गठनहरू सम्बन्धित क्षेत्रका जनसरोकारका मुद्दा र जनपरिचालनमा केन्द्रित हुनुपर्नेमा, उनीहरूको गतिविधिलाई नेतृत्वविरोधी राजनीतिको रूपमा व्याख्या गरियो । यसले गर्दा जनसङ्गठनहरू जनआधारित हुनुको साटो 'पार्टी आधारित' मात्र बन्न पुगे र आफ्नो वर्ग वा क्षेत्रका जनताबाट टाढिए ।

- शृङ्खलाबद्ध कमिटी प्रणाली खण्डित हुनुः माथिल्लो कमिटीले तल्लो कमिटीको परिचालन, व्यवस्थापन र सहजीकरण गर्ने स्थापित अभ्यास यस अवधिमा खण्डित भयो । केन्द्रीय, प्रदेश र जिल्ला कमिटीहरू अति ठुलो आकारको बनाइएकाले सबैलाई जिम्मेवारी दिनुपर्ने बहानामा कमिटीहरू दुई-तीन तह मुनिका कमिटीको परिचालनमा केन्द्रित भए। यसले तहगत उत्तरदायित्व खण्डित गर्‍यो, कमिटीहरूबीच असमझदारी र गुटबन्दी बढायो र कमिटीहरू जनपरिचालन छाडेर आन्तरिक कामको व्यवस्थापनमै अल्झिन पुगे ।

- अस्वस्थ प्रतिस्पर्धा र पूर्वाग्रही मूल्याङ्कनः विशेष गरी १० औँ महाधिवेशनपछि कमिटीका सदस्य र पदाधिकारीहरूको निष्पक्ष मूल्याङ्कन हुन सकेन । स्वच्छ र व्यक्तिगत आन्तरिक प्रतिस्पर्धालाई कमजोर बनाएर समूहगत प्रतिस्पर्धालाई अभ्यासमा ल्याइयो र ११ औँ महाधिवेशनमा त्यसलाई केन्द्रीय तहबाटै संस्थागत गरियो । नेतृत्वसँग निश्चित विषयमा असहमत भएकै वा फरक विचार राखेकै कारण लामो समयदेखि क्रियाशील र योगदान दिएकाहरूलाई पाखा लगाइयो ।

- आदेशात्मक नेतृत्व र साङ्गाठनिक निराशाः शीर्ष नेतृत्वसँग निकट भएकै, सूचना वाहक (सुराकी) बनेकै वा व्यक्तिको प्रशंसा गरेकै भरमा 'जनताको बहुदलीय जनवाद' (जवज) को नेतृत्व सिद्धान्त उल्लङ्घन गर्दै कमिटी र जनसङ्गठनहरूमा 'नेतृत्वको आदेशबाट नेतृत्व निर्माण गर्ने' गलत चलन बसालियो । यसले इमानदार र प्रतिस्पर्धा गर्न सक्षम पङ्क्तिलाई पाखा लगाई साङ्गठानिक निराशा र शिथिलता पैदा गर्‍यो ।

- कमिटीहरूको नोकरशाहीकरणः कमिटीहरूको आकार ठुलो हुँदा बैठकहरू नियमित हुन सकेनन् । बैठकहरू पर्याप्त छलफल र बहस गर्ने थलो हुनुको साटो 'बैठक कम र सभा धेरै' जस्तो गरी सञ्चालन गरिए । यसले गर्दा कमिटीहरू तहगत स्वायत्तता र राजनीतिक प्रभावकारिता गुमाउँदै माथिल्लो कमिटीको निर्देशन मात्र पालना गर्ने एउटा नोकरशाही (दगचभबगअचबतष्अ) संरचनामा रूपान्तरण भए ।

- उमेर हद र कार्यकाल संशोधनको असरः पार्टी जीवनको लोकतान्त्रिकरण र गतिशील हस्तान्तरणका लागि विधानमा राखिएको 'दुई कार्यकाल' र 'उमेर हद' को व्यवस्थालाई दोस्रो विधान महाधिवेशनबाट संशोधन गरियो । प्रतिस्पर्धा र क्षमताका आधारमा नेतृत्व पाउने सम्भावना न्यून देखेपछि कार्यकर्तापङ्क्तिले पार्टीको कामलाई दोस्रो प्राथमिकतामा राख्न थाले ।

- अध्यक्षकेन्द्रित शक्ति र सोभियत शैलीको अभ्यासः दोस्रो विधान महाधिवेशनबाट विधानमा व्यापक रूपमा अध्यक्षकेन्द्रित निर्णायक शक्ति विन्यास गरियो, जहाँ अध्यक्षको परामर्श र निर्देशनविना सम्बन्धित तहले केही पनि गर्न नसक्ने व्यवस्था भयो । यसले सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको लेनिनवादी सिद्धान्तलाई खण्डित गरी परम्परागत सोभियत शैलीको सङ्गठन निर्माण गर्‍यो। जसरी सोभियत सङ्घमा कम्युनिस्ट पार्टीको नेतृत्वमा शक्तिको अति-केन्द्रीकरणले विघटन ल्यायो, पार्टीभित्र पनि त्यस्तै जोखिमहरू देखिएका छन् ।

- चरम राजनीतिकरण र विश्वसनीयताको सङ्कटः नीतिगत स्वायत्तताको सिद्धान्त विपरीत जनसङ्गठनहरू पार्टीकै ठाडो नेतृत्वमा रहने व्यवस्था गरियो । सार्वजनिक रूपमा दलभन्दा स्वतन्त्र देखिनुपर्ने क्षेत्रहरू (जस्तैः मानवअधिकारकर्मी, सरकारी कोषबाट तलब-भत्ता खाने पेसाकर्मीहरू) लाई समेत लिखित रूपमै खुला रूपमा जनसङ्गठन घोषणा गरियो । यसले गर्दा आम जनतामा एमाले चरम राजनीतिकरण गर्ने दलको रूपमा चित्रित भयो, जनसङ्गठनले विश्वसनीयता गुमाए र नेतृत्वमा पुगेका व्यक्तिहरूले शक्तिको आडमा आफ्नो पेसागत क्षेत्रमा अराजक र अलोकप्रिय छवि बनाउँदा पार्टीलाई बहुआयामिक क्षति पुग्यो ।

नीतिगत अस्थिरता र अवसरवादः

- केन्द्रबाट तय गरिएका कार्यक्रमको समय, अतिथि वा वक्ताको सीमिततासम्बन्धी निर्णयहरू नेतृत्व तहबाटै उल्लङ्घन र खण्डित भए ।
- राष्ट्रपतीय मर्यादा कायम राख्न पार्टीको सदस्यता दिनु उपयुक्त हुन्न भन्ने निष्कर्षलाई 'निवेदन नपाएको' भन्ने कमजोर तर्क गरेर उल्ट्याइयो, जसले नेतृत्वको स्वेच्छाचारिता देखाउँछ ।
- प्रगतिशील, देशभक्त र वामपन्थी शक्तिबीचको समीकरण र एकताको कार्यनीति लिने भनिए तापनि सत्ता टिकाउनका लागि उदारवादी पुँजीवादी शक्तिसँग समीकरण गरियो ।
- सत्ता समीकरणमा रहँदा खुल रूपमा बचाउ गरिएको रास्वपा नेतृत्व (रवि लामिछाने) लाई अर्को सत्ता समीकरणमा पुग्नेबित्तिकै निरन्तर मुद्दाको शृङ्खला सुरु गरियो ।
- शिक्षा र स्वास्थ्य निःशुल्क गर्ने र राज्यको दायित्व स्विकार्ने भनिए पनि सरकारमा हुँदा यी क्षेत्रमा निजी लगानीलाई नै जोड दिइयो ।
- सङ्घीयता र विकेन्द्रीकरणको नीति भए पनि बारम्बार सरकारमा जाँदा सङ्घीय कर्मचारी ऐन ल्याउन सकिएन र कर्मचारीतन्त्रको कुलिङ पिरियड खारेज गर्न निर्देशन दिइयो ।
- अन्तर्राष्ट्रिय सम्बन्धमा वामपन्थी मित्र सङ्गठन वा नेटवर्कहरूमा अनुपस्थित रही राजकीय पुँजीवादी मञ्चहरूलाई प्राथमिकता दिइयो । यी सबै व्यवहारले जनतामा नेतृत्व नीतिगत रूपमा अस्थिर र अवसरवादी भएको सन्देश दियो ।
- अपारदर्शी जीवनशैली र अनुशासनहीनताः एमाले हिजो अनुशासन र सादा जीवनशैलीको उदाहरण भए पनि पछिल्लो समय विभिन्न तहका नेताहरूको नैतिकता, अपारदर्शी आम्दानी र जीवनशैलीका

बारेमा उठेका प्रश्नहरूलाई सङ्गठनले समयमै स्पष्ट पार्न सकेन । यसले अनुशासन उल्लङ्घनलाई नजरअन्दाज गर्ने प्रवृत्ति बढायो र पार्टीको छवि कमजोर बनायो ।

३. पार्टीको एकता, शुद्धीकरण, सुदृढीकरण र पुनर्जागरणका लागि कार्ययोजना (सुझावहरू)

- वैचारिक स्पष्टता (मार्क्सवादको परिभाषा): पार्टीको सिद्धान्त 'जनताको बहुदलीय जनवाद' (जबज) आम रूपमा स्विकार भइसकेको अवस्थामा, अबको नीतिगत दस्तावेजमा मार्क्सवादलाई एउटा 'दर्शन' को रूपमा मात्र उल्लेख गर्नु उपयुक्त हुन्छ । (लेनिनवादी साङ्गठानिक सिद्धान्त अबको परिप्रेक्ष्यमा सान्दर्भिक देखिँदैन) ।

सङ्गठन प्रणालीको पुनर्स्थापना: जबजको मार्गनिर्देशन अनुसार जनआधारित कार्यकर्ता सङ्गठन ढाँचा, जनवादी केन्द्रीयता, सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको सिद्धान्त कडाइका साथ लागू गरिनुपर्छ । कमिटी प्रणाली, पहलकदमी, आन्तरिक लोकतन्त्र र प्रतिस्पर्धामा श्रेष्ठताको प्रणालीलाई अनिवार्य रूपमा अवलम्बन गरिनुपर्छ ।

तहगत कार्यक्षेत्र र आकार निर्धारण:

- पार्टी कमिटीहरूको कार्यविभाजन र क्षेत्राधिकार स्पष्ट रूपमा 'एक तह मुनि' को मात्र तोकिनुपर्छ, जसले तहगत असमझदारी घटाउँछ र कमिटीको मूल्याङ्कन तथा जवाफदेहिता बढाउँछ ।
- सबै तहका कमिटीहरूको आकार (सदस्य सङ्ख्या) को अधिकतम सीमा तत्काल घटाइनुपर्छ ।
- कमिटीहरूको केन्द्रिकरण स्पष्ट हुनुपर्छ: केन्द्रीय कमिटी सङ्घीय सरकार र प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा; प्रदेश कमिटी प्रदेश सरकार र प्रदेश सभा निर्वाचन क्षेत्रमा; जिल्ला कमिटी पालिका समन्वयमा; पालिका कमिटी स्थानीय सरकार सञ्चालन र वडा कमिटीमा; तथा वडा कमिटी टोल तहको सङ्गठनमा केन्द्रित हुनुपर्छ ।
- जनसङ्गठन र विभागहरूको नियमन: जनसङ्गठनहरूको सङ्ख्या कटौती गरिनुपर्छ । किसान, महिला, युवा, विद्यार्थी र मजदुर जस्ता मुख्य निश्चित जनसङ्गठनबाहेक अन्य सबैमा पार्टीको 'फ्याक्सन प्रणाली' बाट मात्र सञ्चालन र निर्देशित गरिनुपर्छ । विभागहरू राजनीतिक रूपमा सचेत र सक्षम विज्ञहरूबाट मात्र सञ्चालन गरिनुपर्छ र त्यसमा उनीहरूको कमिटीगत हैसियत (पद) उल्लेख गर्नु उपयुक्त हुँदैन ।
- अनुशासन अनुगमन र आचरण जाँच: सबै तहका कमिटीहरूमा शक्तिशाली 'अनुशासन अनुगमन कमिटी' गठन गरिनुपर्छ । यसले मातहतका सदस्य वा नेताहरूमाथि उठेका प्रश्नहरूको अध्ययन गरी आवश्यक परे अनुशासनको कारबाही गर्ने व्यवस्था गर्नुपर्छ ।
- उम्मेदवार बन्न योग्यता र सम्पत्ति घोषणा: कुनै पनि तहको कमिटीमा उम्मेदवार हुनका लागि निश्चित शैक्षिक योग्यता, आर्थिक जीवनको पारदर्शिता, उच्च नैतिकता र राम्रो सामाजिक छविको मापदण्ड तोकिनु आवश्यक छ । कमिटीका सदस्यहरू निर्वाचित भएर आउँदा र पदबाट बिदा हुँदा आफ्नो आर्थिक अवस्थाको अनिवार्य 'स्वघोषणा' गर्ने कानुनी व्यवस्था गरिनुपर्छ ।
- निर्वाचन उम्मेदवार छनोटमा पारदर्शिता: संसदीय तथा राजकीय निर्वाचनका लागि उम्मेदवार छनोट गर्दा पार्टीका संगठित सदस्यहरूको मत, कमिटीको सिफारिस र माथिल्लो कमिटीको मूल्याङ्कनको निश्चित 'अङ्कभार' तोकी पारदर्शी ढङ्गले निर्णय गरिनुपर्छ । निर्वाचन पार्टी कमिटीको अगुवाइमा लडिने र निर्वाचित उम्मेदवारले कमिटीको प्रतिनिधित्व मात्र गर्ने व्यवस्था हुनुपर्छ ।
- राजकीय नियुक्तिको मापदण्ड: राजकीय नियुक्तिहरूमा सिफारिस गरिने व्यक्तिहरूको राजनीतिक योगदान, पृष्ठभूमि र क्षमता सम्बन्धित कमिटीमा स्पष्ट पारेर मात्र सिफारिस गरिनुपर्छ । नियुक्त व्यक्ति आफ्नो कमिटी, पार्टी नीति र नेतृत्वप्रति पूर्ण रूपमा जवाफदेही हुनुपर्ने व्यवस्था अनिवार्य गरिनुपर्छ ।

- महाधिवेशन र विधान महाधिवेशनको क्षेत्राधिकारः विधान महाधिवेशनलाई केवल पार्टीको नीति र विधानको व्यवस्थाका लागि कमिटीगत प्रतिनिधित्व र गहन छलफलको मञ्च बनाइनुपर्छ । राष्ट्रिय महाधिवेशनलाई भने केवल निर्वाचित प्रतिनिधिहरू मार्फत नेतृत्व चयन गर्ने स्थलको रूपमा मात्र सञ्चालन गरिनुपर्छ ।
- उमेर हद र कार्यकालको पुनर्स्थापनाः पार्टीका सबै तहका सबै पदहरूमा 'दुई कार्यकाल' र '७० वर्षको उमेर हद' को सीमालाई अनिवार्य रूपमा पुनः स्थापित गरिनुपर्छ ।
- नेतृत्व स्थिरता र एक व्यक्ति एक पदको ग्यारेन्टीः एकै अवधिमा कुनै एक तहको कमिटीको अधिवेशनमा उम्मेदवार भई पराजित भएको वा निर्वाचित भएको व्यक्ति सो कार्यकालभरि सोभन्दा माथिल्लो तहको कमिटीमा उम्मेदवार हुन नपाउने व्यवस्था गरिनुपर्छ । यसले कमिटी नेतृत्वमा स्थिरता, गतिशीलता, 'एक व्यक्ति एक पद' को पालना र अवसरहरूको न्यायोचित वितरण सुनिश्चित गर्नेछ ।
- युवा सहभागिताः सबै तहका कमिटीहरूमा जनसाङ्ख्यिक प्रतिविम्बन सन्तुलित गर्न र राजनीतिक प्रतिनिधित्वका लागि युवाहरूको सहभागिता र अवसरलाई व्यापक वृद्धि गरिनुपर्छ ।
- साङ्गठानिक अराजकता नियन्त्रण र तत्कालको कार्यदिशाः हाल देखिएको साङ्गठानिक अराजकतालाई माथिल्लो तहदेखि नै नियन्त्रण गरिनुपर्छ । यसका लागि पार्टी केन्द्रले तत्कालै सबै तहका कमिटीहरू भङ्ग गरी तिनलाई 'सङ्गठन कमिटी' मा रूपान्तरण गर्नुपर्छ । निश्चित समयभित्र (करिब २ महिना) पार्टीको अद्यावधिक गरिएको नीति, साङ्गठानिक विधि र विधान तयार गरी 'राष्ट्रिय सम्मेलन' बाट पारित गरिनुपर्छ । सोही पारित विधि र विधानका आधारमा ३ महिनाभित्र केन्द्रदेखि वडा तहसम्मको अधिवेशन सम्पन्न गरेर मात्र आगामी स्थानीय तथा प्रदेश तहको निर्वाचनमा अगाडि बढ्नुपर्छ ।

## ५ गण्डकी प्रदेश निर्वाचन समीक्षा र असफलताका कारणहरूः

- फागुन २१ गतेको निर्वाचनको सन्दर्भमा "पार्टी संसद पुनःस्थापना कि निर्वाचन" भन्ने विषयमा लामो समयसम्म द्विविधा सिर्जना हुँदा र दोहोरो कार्यनीति अपनाउँदा कार्यकर्ता परिचालनमा समस्या भई परिणाम नकारात्मक आयो ।
- सरकारबाट जबरजस्ती हटाइएको पार्टी भएकाले आम जनतामा पार्टी र विगत सरकारका कामहरूको बारेमा सकारात्मक सन्देश प्रवाह हुन सकेन ।
- पार्टीले जनताको बदलिएको चेतना बुझ्न सकेन र जनस्तरमा पार्टी नेतृत्वप्रति वितृष्णा तथा पार्टीका निर्णयहरू बीच तादाम्यता मिलेन ।
- प्रतिकूल सरकारी संयन्त्र र देशी-विदेशी प्रतिक्रियावादीहरूको षड्यन्त्रलाई चिर्न सक्ने गरी चुनाव परिचालन हुन सकेन ।
- तल्लो तहदेखि माथिल्लो तहसम्मका जनप्रतिनिधिहरूको गल्ती र क्षमताको कमिका कारण पार्टीको मत घट्न पुग्यो ।

□

□

- पार्टी एकता, संसद विघटन, पार्टी विभाजन, र सत्ता गठबन्धन जस्ता कार्यनीतिहरूमा पार्टी असफल देखियो ।
- नेपाली कांग्रेससँगको सत्ता गठबन्धन आत्मघाती र प्राकृतिक विपरीत (अप्राकृतिक) साबित भयो, जसले गर्दा पार्टी कमजोर बन्यो र विकृति निम्त्यायो ।

  पार्टी नेतृत्वको 'सत्ता लिप्सा' को कारण पार्टी एकता जोगाउन सकिएन र निर्वाचनमा भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्नु गलत रणनीति थियो ।

  निर्वाचनमा पार्टी अध्यक्षको फोटो समेत राख्न नसकिने अवस्था सिर्जना भयो र अल्गोरिदमको भ्रम फैलाएर मतदातामा गलत सन्देश प्रवाह गरियो ।
- उम्मेदवार छनोट प्रक्रिया त्रुटिपूर्ण रह्यो, जसमा बहालवाला जनप्रतिनिधिलाई नै दोहोर्‍याउने र एउटै व्यक्तिलाई पटक-पटक वा धेरै पदको अवसर दिने काम भयो ।
- सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा जनताको अपेक्षा अनुसार काम हुन सकेन ।
- नयाँ शक्ति वा दलहरूले नयाँ एजेन्डा बनाए तर पार्टी एजेन्डाविहीन जस्तै बन्यो र नयाँ युवा पुस्ताको भावना बुझ्न असफल रह्यो ।
- निर्वाचनको बेला केन्द्रबाट आएको पैसा पारदर्शी हुन सकेन ।
- सरकारमा रहँदा शिक्षक, कर्मचारीका मागहरू र साना-मसिना कामहरू पूरा गर्न नसक्दा र नीति स्पष्ट नहुँदा उनीहरूले चुनावमा असहयोग गरे ।
- पार्टीभित्रको गुटबन्दी, अन्तर्घात र असहयोगका कारण निर्वाचनमा मत घट्यो र सबै मिडियाहरू पार्टीको विपक्षमा उभिए ।
- सामाजिक सञ्जालको प्रयोगमा पार्टी अन्योलमा पर्‍यो र सामाजिक सञ्जाल बन्द गर्दा पार्टी झन् धरातलमा पुग्यो ।

२. पार्टी संगठन र कार्यशैलीका समस्याहरू:

- पार्टीभित्र गुटबन्दी मौलाउँदै गएको छ, नेतृत्व विभाजित छ र केन्द्रीयता बढी हावी भएको छ ।
- अन्तरपार्टी लोकतन्त्र कमजोर बनाइएको छ, कार्यकर्ताले खुला रूपमा बोल्ने वातावरण छैन र आलोचनाको संस्कृति हराएको छ ।
- पार्टीमा नीतिभन्दा नेतालाई ठूलो बनाउने र नेतृत्वप्रति अति देवत्वकरण गर्ने प्रवृत्ति बढ्यो ।
- नेताको अघिपछि गर्ने (गणेश प्रवृत्ति) ले काम नपाए पनि अवसर पाउने र इमानदार तथा भूगोलमा काम गर्नेहरू (कुमार प्रवृत्ति) निराश हुने अवस्था छ ।
- माथिल्लो कमिटीमा पुगेका नेताहरू भूगोलको काममा नखटिने र 'महाराज' जस्तो बन्ने परिपाटी छ ।

- गुट, उपगुट र व्यक्तिवाद पार्टीमा चरम रूपमा हावी छ ।
- नेतृत्व र जनप्रतिनिधिहरूको कार्यशैली, आचरण, विलासी जीवनपद्धति र खर्चपद्धतिका कारण कम्युनिष्ट मूल्य-मान्यता र आदर्शमाथि गम्भीर प्रश्न उठेको छ ।
- कम्युनिष्टहरूको वर्गीय पक्षधरतामा प्रश्न उठेको छ; किसान, मजदुर, दलित, सुकुम्बासी, शिक्षक र युवाहरू पार्टीसँग टिकिरहन सकेनन् ।
- पार्टीमा नोकरशाही प्रवृत्ति बढ्दो छ र अहंकार तथा घमण्डका कारण पार्टी बिग्रिएको छ ।
- पार्टीभित्र मूल्यांकन विधि र अनुशासन आयोग प्रभावकारी हुन सकेको छैन ।
- कमिटीहरूको संख्या आवश्यकताभन्दा बढी ठूलो र भद्दा भएकाले प्रभावहीन बनेका छन् ।

□

कार्यकर्ताहरूमा उत्साह छैन र पार्टीपङ्क्तिको मानसिक स्थिति निकै कमजोर भएको छ, जसले गर्दा कमिटीमा बस्ने मानिस पाउन समेत गाह्रो भइरहेको छ ।

३. पार्टी पुनर्गठन, सुधार र रूपान्तरणका लागि सुझावहरू:

- प्राप्त जनमतलाई पूँजीको रूपमा परिचालन गरी पार्टीलाई जनस्तरमा पुनःस्थापित गर्न र संसदीय गतिविधिमा योग्यतापूर्ण ढंगले प्रस्तुत हुन पार्टीको पुनर्गठन अनिवार्य छ ।
- पुनर्गठनको काम केन्द्रीय नेतृत्व, पदाधिकारी, कमिटी प्रणाली, कार्यशैली र नीति-विधिको परिवर्तनबाटै प्रारम्भ हुनुपर्छ र यो 'शिरदेखि तिरसम्म' (माथिदेखि तलसम्म) हुनुपर्छ ।
- नयाँ पुस्तामा नेतृत्व विकास गर्न र समयसापेक्ष चुनौतीको सामना गर्न नयाँ नेतृत्व निर्माण गरिनुपर्छ ।
  नेतृत्व र पुस्तान्तरणका लागि स्पष्ट खाका र योजना बनाइनुपर्छ ।
- नीतिप्रधान पार्टी पद्धति बनाउनुपर्छ, व्यक्तिकेन्द्रित होइन ।
- विधानमा 'एक पदमा दुई कार्यकाल' र उमेर हद (जस्तै ७० वर्षे उमेर हद) को व्यवस्थालाई कडाइका साथ लागू गरिनुपर्छ ।
- पार्टीका स्थापित नेताहरूले वा अध्यक्षले नैतिकताको आधारमा राजीनामा दिएर वा पुस्तान्तरण गरेर मार्गप्रशस्त गर्नुपर्छ ।
- जनताको सेवा गर्ने, जनभावनाअनुकूलको सरल जीवनपद्धति र सादा खानपान अपनाउनुपर्छ ।
- जनप्रतिनिधिहरूका लागि लक्षित गरी 'जनप्रतिनिधि स्कूल' सञ्चालन गरिनुपर्छ र उनीहरूलाई फिर्ता बोलाउन सक्ने (रिकलको) व्यवस्था हुनुपर्छ ।
- आलोचना-आलोचनाको पद्दति लागू गरिनुपर्छ र पार्टीको निर्णय प्रक्रिया पारदर्शी हुनुपर्छ ।
- किसान, मजदुर, दलित, सुकुम्बासी र साना व्यापारीका मुद्दाहरूमा गम्भीर समीक्षा गरी कार्यनीति र कार्यक्रम परिमार्जन गरिनुपर्छ ।
- उम्मेदवार चयन गर्दा भूगोलमा काम गरेका, राम्रो चरित्र र व्यवहार भएकाहरूलाई प्राथमिकता दिनुपर्छ र एउटै व्यक्तिलाई पटक-पटक अवसर दिने परम्परा रोक्नुपर्छ ।
- समानुपातिक कोटाहरू एउटै व्यक्तिलाई दोहोर्‍याएर दिनुहुँदैन र टिकट तथा अवसरहरूको न्यायोचित वितरण हुनुपर्छ ।
- पार्टी सदस्यता र अधिवेशन प्रणालीलाई वैज्ञानिक बनाइनुपर्छ । कमिटीहरूलाई सानो, छरितो र चुस्त-दुरुस्त बनाउनुपर्छ ।
- कमिटीको नेतृत्व छनोट गर्दा पार्टी सदस्यहरूलाई सार्वभौम (प्रत्यक्ष चयनको अधिकार) बनाउनुपर्छ ।
- पार्टी र सरकार सञ्चालन बीच स्पष्ट सीमा रेखा कोरिनुपर्छ ।

□

□

- प्रशिक्षणका लागि ३ तहको पाठ्यक्रम पास गरेको हुनुपर्ने र उम्मेदवार हुनका लागि पनि निर्धारित पाठ्यक्रम उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था गर्नुपर्छ ।
- सुकुम्बासी र गरिबका समस्याहरूमा पार्टीले प्रष्ट रूपमा बोल्नुपर्छ ।
- पार्टीको नाम समेत परिवर्तन गरेर नयाँ पुस्तासँग जोडिन पछि हट्नु हुँदैन ।
  पार्टीभित्रको असन्तुष्टिलाई सामाजिक सञ्जालमा पोख्ने थलो बनाउनु हुँदैन, कमिटीभित्रै छलफल गर्नुपर्छ र अन्तर्घातीहरूलाई कडा कारबाही गरिनुपर्छ ।
  जिल्लाहरूमा डिजिटल वार (म्भ्नष्तबा ध्बच) सञ्चालन संयन्त्र बनाउनुपर्छ ।
- योग्यता र क्षमताको आधारमा जिम्मेवारी दिनुपर्छ र पार्टी बाहिर रहेकाहरूलाई पनि जिम्मेवारी प्रदान गरेर पार्टीलाई फराकिलो बनाउनुपर्छ ।
- कम्युनिष्ट आन्दोलनको एकतामा विशेष ध्यान दिनुपर्छ ।

४. विशेष महाधिवेशन र आगामी कार्यदिशा सम्बन्धी सुझावहरू:

- पार्टीको विचार, नीति, विधि, संगठनात्मक संरचना र नेतृत्व सबैको पुनर्मूल्याङ्कन र पुनर्गठनका लागि 'विशेष महाधिवेशन' बोलाएर विद्यमान संकटबाट निकास खोज्नुपर्छ ।
- विशेष महाधिवेशनमार्फत मर्यादित बहिर्गमन (भ्हष्त) र नेतृत्व परिवर्तनको मार्ग प्रशस्त गरिनुपर्छ ।
- केन्द्रीय कमिटीको आकारलाई सानो (जस्तै १५१ सदस्यीय) मा सीमित गरिनुपर्छ ।
- कार्यदल र केन्द्रीय सचिवालयबाटै तत्काल निकास खोजिनुपर्छ र पार्टीभित्रको समस्या सचिवालयमै समाधान गरिनुपर्छ, यसलाई तलसम्म पुऱ्याएर विग्रह ल्याउनु हुँदैन ।
- केही नेताहरूले भने अहिले नै पुनर्गठनमा जानु उपयुक्त नहुने र यो समय केवल सुदृढीकरण, शुद्धीकरण र रूपान्तरणको भएको विचार राखेका छन् ।

५. अन्य सैद्धान्तिक तथा समसामयिक विषयहरू:

- भदौ २४ गतेको घटनालाई 'प्रतिक्रान्ति'को रूपमा लिँदै यसको दार्शनिक र राजनीतिक निष्कर्ष निकाल्नुपर्छ र यसप्रति नेतृत्वको समान बुझाइ हुनुपर्छ ।
- पार्टी पूँजीवादी क्रान्ति पछिको बाटोमा कुन दिशामा जाने भन्नेमा अन्योलमा परेकाले वैचारिक स्पष्टता आवश्यक छ ।
- शान्तिपूर्ण सँगसँगै बलप्रयोगको सिद्धान्तलाई पनि अङ्गीकार गर्नुपर्ने परिस्थिति देखिएको छ ।

□

□

- प्रवासमा रहेका नेपालीहरू (प्रवासीहरू) का मुद्दाहरूलाई पार्टीले उचित सम्बोधन गर्नुपर्छ ।

**६ लुम्बिनी प्रदेश १. राजनीतिक परिस्थिति र जनविश्वास सम्बन्धी समस्याहरू:**

- भदौ २३-२४ को घटना (जेनजी आन्दोलन) पश्चात् पार्टी इतिहासकै कठीन राजनीतिक र मनोवैज्ञानिक दबाबमा पर्नु र चौतर्फी राजनीतिक आक्रमण हुनु ।
- विगतमा परिवर्तनको प्रतीक बनेको पार्टी आज धेरै नागरिकका नजरमा जनअपेक्षाकेन्द्रित काममा भन्दा 'सत्ताकेन्द्रित मात्र भएको' र 'सत्ता बिना बस्नै नसक्ने' आरोप लाग्नु ।
  भ्रष्टाचार नियन्त्रण, सुशासन, रोजगारी सिर्जना र महँगी नियन्त्रण जस्ता सेवा प्रवाहमा जनताले अपेक्षा गरेअनुसार ठोस परिणाम दिन नसक्नु ।
  ३५ वर्ष राज्यसत्ता चलाउँदा पनि केही गर्न नसकेको भन्ने विपक्षको आरोपको प्रभावकारी तथ्यगत प्रतिवाद गर्न नसकिनु ।
- लामो समयदेखिको राजनीतिक अस्थिरता र निरन्तरको सरकार परिवर्तनका कारण स्थापित दलहरूप्रति जनतामा व्यापक निराशा पैदा हुनु र यसको मनोवैज्ञानिक प्रभाव एमालेमा पनि पर्नु ।
- निर्वाचनमा जाँदा हत्याराको आरोप लाग्नु, अभियोगले च्यापेका कारण चुनावी अभियानमा अध्यक्षको फोटो समेत राख्न नसकिने वातावरण बन्नु र कार्यकर्ताको मनोबल गिर्नु ।
- सरकारमा रहँदा गरिएका राम्रा कामको जस लिने तर भएका कमजोरीको नैतिक जिम्मेवारी नलिनु ।
- राजनीतिक प्रतिस्पर्धा स्वस्थ बहसभन्दा चरित्र हत्या, भ्रम सिर्जना र योजनाबद्ध दुष्प्रचारमा केन्द्रित हुँदा त्यसको असर निर्वाचनमा देखिन ु ।
- निर्वाचन अगाडि काँग्रेस वा माओवादी जोसँग पनि सत्ता गठबन्धन गर्ने र प्रतिपक्षमा बस्नै नसक्ने प्रवृत्तिले पार्टीलाई क्षति पुऱ्याउनु ।

२. संगठनात्मक र कार्यशैलीगत कमजोरीहरू:

- पार्टीभित्र आलोचनात्मक चेतनाको संस्कृतिलाई निरुत्साहित गरिनु, निर्णय प्रक्रिया सीमित घेरामा मात्र केन्द्रित हुनु र संस्थागत प्रक्रिया भन्दा एकल केन्द्रीकृत प्रवृत्ति हावी हुनु ।
- केन्द्रदेखि वडा र टोल तहसम्मका कमिटीहरू नियमित रूपमा क्रियाशील नभई औपचारिक अस्तित्वमा मात्र सीमित हुनु ।
- कार्यसम्पादनका आधारमा नेतृत्वको मूल्याङ्कन, जिम्मेवारीको पुनर्वितरण र जवाफदेहिताको संस्कृतिको अभाव हुनु ।

□

□

- पार्टीको आकार वा सदस्य संख्या बढे पनि उनीहरूलाई सक्रिय, जिम्मेवार र वैचारिक रूपमा प्रशिक्षित गर्न नसकिनु ।
- विधानलाई आवश्यकताभन्दा पनि आफूअनुकूल (जस्तै ७० वर्षे उमेर हद र २ कार्यकालको व्यवस्था) संशोधन गर्ने प्रवृत्तिले कार्यकर्ता रुष्ट हुनु ।
- सामुहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारीको पद्धति हटेर कमिटी प्रणाली नाम मात्रको हुनु र सबै निर्णय माथिबाटै लादिने "आर्मी स्टाइल" को निर्देशन हुनु ।
- पार्टी विचार र सिद्धान्तमा कम्युनिष्ट तर व्यवहारमा चरम पूँजीवादी र विलासी चरित्र देखा पर्नु ।
- पार्टीभित्र प्रश्न उठाउने वा फरक विचार राख्ने नेता/कार्यकर्तालाई निषेध गर्ने र नेताको चाकडी गर्ने वा वरिपरि घुम्नेलाई प्रश्रय दिने परिपाटी हावी हुनु ।

३. सामाजिक सञ्जाल र प्रविधिसम्बन्धी समस्याहरू:

- सामाजिक सञ्जालको एल्गोरिदम र डिजिटल सञ्चारको बदलिँदो स्वरूपलाई समयमै बुझ्न र रणनीति बनाउन नसक्दा डिजिटल क्षेत्रमा पार्टी निकै पछाडि पर्नु ।
  विपक्षी तथा संगठित समूहहरूले सामाजिक सञ्जालमा फैलाएका भ्रम, आधा-सत्य र नकारात्मक सन्देशको प्रभावकारी तथ्यगत प्रतिवाद समयमै गर्न नसकिनु । विदेशमा रहेका युवा तथा नयाँ पुस्तालाई प्रविधिमार्फत प्रभावित गर्न नसक्दा उनीहरूको प्रभावमा परेर घरपरिवारका सदस्यहरूले समेत अन्य दल (घण्टी) मा भोट हाल्ने स्थिति सिर्जना हुनु ।

४. उम्मेदवार छनोट र परिचालनसम्बन्धी कमजोरीहरू:

- उम्मेदवार छनोट गर्दा स्थानीय जनभावना, लोकप्रियता र संगठनको वस्तुगत मूल्याङ्कन नगरी ढिलाइ गर्नु र मनोनयनको दिनसम्म पनि उम्मेदवार फेरबदल गरिरहनु ।
- टिकट बाँडफाँडमा चरम पक्षपात हुनु, पार्टीमा लामो समय योगदान दिएका इमान्दार कार्यकर्तालाई पन्छाएर अन्य पार्टीबाट आएका नवप्रवेशीलाई तुरुन्तै टिकट दिने प्रवृत्ति देखिनु ।
- उम्मेदवार घोषणा भएपछि सम्पूर्ण पार्टी पङ्क्ति एकताबद्ध हुनुको साटो आन्तरिक असन्तुष्टि, निष्क्रियता र समन्वयको अभाव देखिनु ।
- समानुपातिकबाट सांसद बनेका वा स्थानीय तहमा टिकट पाएका कतिपय व्यक्तिहरू निर्वाचित भएपछि पार्टीको सम्पर्कमै नरहनु ।

□

□

५. जनसंगठन, जनसम्बन्ध र लक्षित वर्गको उदासिनताः

- जनसंगठनहरू वर्षभरि जनतासँग नजोडिई केवल निर्वाचनको बेला मात्र सक्रिय हुने प्रवृत्तिका कारण उनीहरूको सामाजिक प्रभाव खुम्चिनु ।
- पार्टीले आफ्नो आधारभूत वर्ग (सुकुम्बासी, सर्वहारा, मजदुर, किसान, दलित, महिला, शिक्षक र विद्यार्थी)को विश्वास जित्न नसक्नु र मध्यम वा धनी वर्गलाई भित्र्याउँदा पार्टी बलियो हुन्छ भन्ने गलत मान्यताको विकास हुनु ।
- नेताहरू र तल्लो तहका कार्यकर्ता एवं जनताबीचको सम्बन्ध जीवन्त नहुनु, नेताका छोराछोरीलाई मात्र अवसर दिने (नेपो बेबी) प्रवृत्ति देखिनु र तल्लो तहका माग र माथिल्लो तहको सोचबीच तालमेल नहुनु ।

६. पार्टी पुनर्गठन, नेतृत्व परिवर्तन लागि सुझावहरूः

- नेतृत्व हस्तान्तरण र पुस्तान्तरणः पार्टी अध्यक्ष केपी शर्मा ओलीले व्यक्तिगत पदभन्दा पार्टीको दीर्घकालीन भविष्यलाई केन्द्रमा राखेर नयाँ पुस्ताका लागि मार्ग प्रशस्त (राजीनामा) गर्दै अभिभावकीय वा संरक्षकको भूमिकामा रहनुपर्ने । साथै दोस्रो पुस्ताका नेताहरूले पनि नैतिक जिम्मेवारी लिन तयार हुनुपर्ने ।
- कमिटीहरूको व्यापक पुनर्गठनः केन्द्रदेखि वडा र टोल तहसम्मका सबै निष्क्रिय कमिटीहरू विघटन गरी तत्काल अधिवेशन आयोजक कमिटी बनाउने र ६ महिनाभित्र लोकतान्त्रिक पद्धतिबाट अधिवेशन सम्पन्न गर्ने ।

- कमिटीको आकार र मापदण्ड निर्धारण: कमिटीहरूलाई सानो र छरितो (केन्द्रमा १९९, प्रदेशमा ९९, जिल्लामा ७५, पालिकामा ३५-५१ र वडामा १५ भन्दा कम) बनाउने । कमिटीमा प्रतिनिधित्व गराउँदा ४५ वर्ष मुनिका युवालाई ५० प्रतिशत, ४५ देखि ६० वर्षकालाई ३५ प्रतिशत र ६० वर्षमाथिकालाई २० प्रतिशत कोटा निर्धारण गर्ने ।
- ७० वर्षे उमेर हदको निरन्तरता: विधानमा पहिले व्यवस्था गरिएको ७० वर्षे उमेर हद र एउटै पदमा दुई पटकभन्दा बढी बस्न नपाउने नियमलाई पुनः स्थापित गर्ने ।
- नियमित वैचारिक प्रशिक्षण र अध्ययन संस्कृति: कार्यकर्तापङ्क्तिमा व्याप्त भ्रम चिर्न र राजनीतिक परिपक्वता ल्याउन नियमित, योजनाबद्ध र परिणाममुखी वैचारिक तथा राजनीतिक प्रशिक्षण सञ्चालन गर्ने र अध्ययन संस्कृतिको विकास गर्ने ।
- डिजिटलाइजेसन र प्रविधिको प्रयोग: संगठन सञ्चालन, अभिलेख, प्रचार र प्रकाशनका कार्यहरूलाई पूर्णरूपमा डिजिटाइज गर्ने । कृत्रिम बुद्धिमत्ता (ब्क्ष्) र सामाजिक सञ्जालको रणनीतिक प्रयोगका लागि प्रशिक्षित डिजिटल स्वयंसेवकहरूको संयन्त्र निर्माण गर्ने ।
- पारदर्शी उम्मेदवार चयन प्रणाली: आगामी निर्वाचनका लागि उम्मेदवार चयन प्रक्रियालाई पारदर्शी, वस्तुनिष्ठ र वैज्ञानिक बनाउनु पर्ने; जसमा उम्मेदवार तोक्नुअघि स्थानीय कमिटीको सुझाव, लोकप्रियता र नैतिक आचरणको वस्तुगत सर्वेक्षण गरिनु पर्ने ।
- सुशासन र सुदृढीकरण: पार्टी र राजकीय अवसरहरूमा भौगोलिक, जातीय र लैङ्गिक प्रतिनिधित्व जनसाङ्ख्यिक अनुपातका आधारमा सुनिश्चित गर्ने र भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाउने ।
- कार्यकर्ता र जनतासँग क्षमायाचना: विगतमा आन्दोलन र सरकारमा रहँदा पार्टी वा नेतृत्वबाट भएका कमजोरीहरूलाई खुल्ला रूपमा स्वीकार गरी जनता र कार्यकर्तामाझ क्षमायाचना गर्ने र आगामी दिनमा सच्चिने प्रतिबद्धता व्यक्त गर्ने ।
- वामपन्थी र प्रगतिशील शक्तिबीच एकता: आन्तरिक गुटबन्दी पूर्णरूपमा अन्त्य गरी देशका सबै वामपन्थी, प्रगतिशील र देशभक्त शक्तिहरूलाई एकै झण्डामुनि गोलबन्द गर्नका लागि विशेष पहलकदमी लिनुपर्ने ।

**७ कर्णाली प्रदेश १. समस्या तथा चुनौतीहरू : निर्वाचन, गठबन्धन र जनमत सम्बन्धी:**

- पार्टीले निर्वाचनमा ठूलो क्षति र धक्का व्यहोर्नुपरेको ।
- उम्मेदवार छनोटमा स्थानीय संगठनको भावनाविपरीत केन्द्र हावी हुनु । एकल भेक क्षेत्रमा मात्र ध्यान दिनु र उम्मेदवारीमा विवाद हुनु ।
- उम्मेदवारी, जिल्ला अधिवेशनको विवाद, र पार्टी फुटका कारण निर्वाचनको परिणाम बिग्रिनु ।
- एकै भूगोल वा भेकमा प्रत्यक्ष, समानुपातिक उम्मेदवार र केन्द्रीय सदस्य केन्द्रित हुनु ।

□

- चुनाव जित्न र सरकार बनाउनका लागि अपवित्र खालका गठबन्धनहरू गर्दा र गठबन्धन सरकारमा जाँदा पार्टीलाई क्षति पुग्नु र जनतामा निराशा छाउनु ।
  निर्वाचन प्रणाली र पार्टीको व्यवहार त्रुटिपूर्ण हुनु ।
- निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारका कारण पार्टीलाई घाटा हुनु र विगतमा भोट हाल्ने वर्गले यसपटक मत नदिनु ।
- निर्वाचनको समयमा मात्र आउने केन्द्रीय नेताहरूसँग तल्लो तहका नेताहरूले दुरी नजिक गर्ने प्रवृत्ति देखिनु ।
- निर्वाचनमा केही साथीहरू ढिला पुग्नु र जिम्मेवारीमा नजोडिनु ।
- निर्वाचनमा आफ्नै पार्टीका नेताहरूबाट अन्तर्घात हुनु तर हालसम्म कारबाही वा सुनुवाइ नहुनु ।
- एमालेबाटै बाहिरिएका (विद्रोही) हरू मुख्य प्रतिस्पर्धी बन्दा निर्वाचनमा घाटा हुनु ।
- निर्वाचन हाम्रो काबु र बुझाइभन्दा बाहिर रहनु ।
- भदौ २३/२४ को घटना (जेनजी आन्दोलन) को सूचना समयमै नहुनु र यसको सही चिरफार तथा आत्मआलोचना गर्न नसक्नु ।
- प्रतिनिधि सभा विघटन/पुनर्स्थापनाको मुद्दामा पार्टी दृढ भएर अडान राख्न नसक्नु ।

संगठनात्मक, वैचारिक र कार्यशैलीगत:

- पार्टीमा आन्तरिक कुरा र कमजोरीहरू प्रधान बन्दै जानु ।
- जनता र कार्यकर्ता माझ चरम निराशा छाउनु, पार्टी सदस्यता नवीकरण कार्य कमजोर हुनु र जिल्लाहरूमा काम गर्न गाह्रो हुनु ।
- ३० वर्ष मुनिका नयाँ र युवा पुस्ताका मतदाताहरू पार्टीमा जोडिन छाड्नु ।
- पार्टीका नियमित बैठक र भेलाहरू हुन छाड्नु तथा जिल्ला कमिटी बाहेक अन्य कमिटीका बैठकहरूमा कोरम समेत नपुग्नु ।
- कमिटीहरू अत्यधिक भद्दा, काम नहुने (डिफङ) र निष्प्रभावी हुनु ।
- अवसर र स्रोतको वितरण प्रणालीमा न्याय हुन नसक्नु र पहुँचका भरमा मात्र वितरण गरिनु ।
- केन्द्रको अस्थिर निर्णयका कारण क्षति हुनु र भूगोलका कमिटीहरूको सार्वभौम अधिकार खोसिनु ।
- पार्टीको विचार, सिद्धान्त, आदर्श र व्यवहारमा तालमेल नहुनु ।
- पार्टीमा वैचारिक पक्ष ओझेलमा पर्नु, विधि र विधानको ठाडो उल्लंघन हुनु, नेताको देवत्वकरण गरिनु र संगठनमा अराजकता बढ्नु ।
- विधानमा भएको दुई कार्यकाल र ७० वर्षे उमेर हदको व्यवस्था हटाउनु गलत सावित हुनु ।

- पार्टी सञ्चालन जनवादी केन्द्रीयताको आधारमा नभई अति केन्द्रीकृत हुनु ।
- केन्द्रमा घुम्ने, गुटबन्दी गर्ने, जनसंगठनहरूमा गुट उत्पादन गर्ने र विचारविहीन गठजोड गर्ने प्रवृत्ति हावी हुनु ।
- नेताहरूको वरिपरि घुम्ने र चाकडी गर्नेहरूले मात्र अवसर पाउनु ।
- दोस्रो तहका नेताहरूमा पार्टी सञ्चालनको आत्मविश्वास भए पनि अवसर नपाउनु ।

कतिपय जिल्लाहरूमा (जस्तै जुम्ला र रुकुम पश्चिम) स्थानीय रूपमा केन्द्रीय सदस्य नहुँदा बाहिरबाट आयात गर्नुपर्ने अवस्था आउनु । पार्टीभित्र अनुशासनको चरम अभाव हुनु ।

पार्टी समस्यामा परेको बेला नेतृत्व परिवर्तनको बहस चलाएर तल्लो तहको मनोविज्ञान विभाजित गर्ने काम हुनु ।

छलफल र बहसले पार्टी कमजोर हुन्छ भनी मार्क्सवादी दृष्टिकोण विपरीतको सोच राख्नु ।

- तल्लो तहका जनता र कार्यकर्ता निरास हुनु तर माथिल्लो तहका नेताहरू बीच कुण्ठा देखिनु ।
- जनप्रतिनिधि, जनसंगठन र सेवा प्रवाहः
- पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरू एकलकाँटे रूपमा चल्नु र पार्टीको निर्देशन वा कुरा नसुन्नु।
- पार्टी निरन्तर सत्ता र शक्तिमा रहँदा पनि जनताका आवाज र मुद्दाहरूको सुनुवाइ हुन नसक्नु ।
- जनताले सरकार भएको वास्तविक अनुभूति गर्न नपाउनु ।
- भूमिहीनहरूको समस्या समाधान गर्न पार्टी असफल हुनु ।
- शिक्षक आन्दोलन लगायतका सामाजिक आन्दोलनहरूलाई वेवास्ता गर्दा पार्टीलाई घाटा हुनु ।
- जनवर्गीय संगठनहरू र पार्टी बीचको समन्वय प्रभावकारी नहुनु ।
- जनसंगठनहरू र सरकार कसैको मातहतमा नरही स्वच्छन्द रूपमा चल्नु र संगठन एवं सरकार नजोडिँदा पार्टीलाई क्षति हुनु ।
- पार्टीले दलित, सुकुम्बासी जस्ता लक्षित वर्गलाई प्राथमिकतामा राख्न नसक्नु ।
- नेताहरूकै आफ्नै परिवारका सदस्यहरूले समेत पार्टीलाई मतदान नगर्नु ।
- सामाजिक सुरक्षामा मात्र केन्द्रित हुँदा युवा लक्षित कार्यक्रमहरू ल्याउन नसक्नु ।
- विदेशमा रहेका ठूलो संख्याका नेपाली मतदाताहरूको पहिचान र व्यवस्थापन गर्न नसक्नु ।
- विपक्षले लगाएका झुट्टा आरोपहरूको समयमै सशक्त खण्डन गर्न नसक्नु ।

- विकासका कामहरू भए पनि र आमसभामा मान्छे आए पनि त्यसलाई मतमा बदल्न नसक्नु ।
- एमालेलाई हेर्ने आम दृष्टिकोण नकारात्मक बन्दै जानु र व्यक्ति उम्मेदवार बन्ने तर पार्टी उम्मेदवार नहुने स्थिति आउनु ।
- कुनै पनि सरकार पार्टीको नीति र नियन्त्रण अनुसार चल्न नसकी स्वेच्छाचारी हुनु ।
- संविधान संशोधन गर्छौं भनेर संयुक्त सरकार गठन गरिए पनि सो अनुसार काम नहुँदा जनता टाढिनु ।

२. प्रस्तुत सुझावहरू: नेतृत्व र जिम्मेवारी सम्बन्धी

- निर्वाचनमा ब्यहोरेको अकल्पनीय पराजयको मुख्य जिम्मेवारी मूल नेतृत्वले लिनुपर्ने र सम्मानजनक बहिर्गमनको बाटो रोज्नुपर्ने ।
- जनमत गुमेका र असफल भएका नेताहरूले पार्टी चलाउनु हुँदैन; तसर्थ तलदेखि माथिसम्मका नेताहरूले त्याग गर्न तयार हुनुपर्ने ।

□

□

□

□

यो पराजयको जस-अपजस मूल नेतासहित सबैले लिनुपर्ने र कमीकमजोरीहरूको आत्मआलोचना गर्दै जनतामाझ जानुपर्ने । नेतृत्व युवामैत्री हुन आवश्यक छ र निर्णायक तहमा युवाहरूको सहभागिता सुनिश्चित गरिनुपर्ने । व्यक्ति विशेषलाई केन्द्रित वा इङ्गित नगरी नीति, विधि र समग्र राजनीतिक कार्यशैलीको पुनर्गठन गरिनुपर्ने ।

नेताको वरिपरि डुल्नेका कुरा सुन्न छोडेर कामको आधारमा मात्र जिम्मेवारी र अवसर दिनुपर्ने ।

- परिवारवादको पूर्ण अन्त्य गरिनुपर्ने ।
- वर्तमान नेतृत्वलाई नै परिमार्जन, विकास र सुधार गरेर अगाडि बढाउनुपर्ने ।

संगठनात्मक पुनर्गठन र विधिः

- नयाँ सोच र नयाँ सिराका साथ पार्टीको व्यापक रूपान्तरण र पुनर्गठन अनिवार्य रूपमा गरिनुपर्ने ।
- पार्टीका सम्पूर्ण संरचना, नीति र कमिटी प्रणालीको माथिदेखि तलसम्मै रिभ्यू (पुनरावलोकन) र सुधार गरिनुपर्ने ।
- पार्टी पुनर्गठनको कार्यलाई छिटो, विधिसम्मत, व्यवस्थित र सबैको सहमतिमा अगाडि बढाउनुपर्ने ।
- प्रतिनिधि परिषद् बैठक वा विशेष महाधिवेशन डाकेर भए पनि पार्टीको नयाँ सन्देशसहित पुनर्गठनमा जानुपर्ने ।
- विधानमा पहिले उल्लेख भएको दुई कार्यकाल र ७० वर्षे उमेर हदको व्यवस्थालाई पुनः लागू गरिनुपर्ने. तर उमेरले मात्र राजनीतिक मापन नहुने कुरामा पनि ध्यान दिनुपर्ने ।
- कमिटी प्रणालीलाई पूर्ण रूपमा संस्थागत गरिनुपर्ने र व्यक्तिभन्दा पनि नयाँ शैलीको सामूहिक नेतृत्व प्रक्रिया अवलम्बन गरिनुपर्ने ।
- पार्टी पुनर्गठन गर्दा कसैलाई पनि दुःखित नबनाई वा कसैको चित्त नदुखाई सबैलाई समेटेर गरिनुपर्ने । □ पार्टी संगठन भित्र लोकतान्त्रिकरण, वस्तुनिष्ठता र न्यायपूर्ण निर्णय प्रक्रिया स्थापित गरिनुपर्ने ।
- पार्टीको आन्तरिक एकतालाई थप सुदृढ बनाउने गरी पुनर्गठन गरिनुपर्ने र गुटबन्दीको अन्त्य गरिनुपर्ने ।
- पार्टी पुनर्गठनसँगै देशव्यापी रूपमा “पुनर्जागरण अभियान” सञ्चालन गरिनुपर्ने ।
- पार्टी केन्द्रको सचिवालयको निर्णयलाई सर्वसम्मत र विवादरहित बनाउनुपर्ने ।

□

- भद्दारूपमा रहेका कमिटीहरूलाई सानो र छरितो बनाई पुनर्गठन गरिनुपर्ने ।
- जनता, जनसंगठन र भावी कार्ययोजना:
- पार्टीले गरेका राम्रा, ऐतिहासिक र रूपान्तरणकारी कामहरूको तल्लो तहसम्म व्यापक रूपमा प्रचार-प्रसार गरिनुपर्ने ।
- विचलित भएको वा बाहिरिएको जनमतलाई पार्टीमा फर्काउन उपयुक्त रणनीति र नयाँ निर्णयहरू सहितको ठोस निर्वाचन कार्ययोजना बनाउनुपर्ने ।
- पार्टी सधैं जनताका मुद्दाहरू र सुशासनमा केन्द्रित हुनुपर्ने तथा जनतासँग जोडिने खालका ठोस कार्यक्रमहरू ल्याउनुपर्ने ।

  उम्मेदवार तोक्नु अगाडि तल्लो तहको संगठन र आवाजको अनिवार्य सुनुवाइ हुनुपर्ने तथा आगामी चुनावमा लोकप्रिय र जनताले चाहेको व्यक्तिलाई मात्र उम्मेदवार बनाउनुपर्ने । निर्णयहरू गर्दा त्यसले भविष्यमा पार्ने दीर्घकालीन प्रभावको गम्भीर विश्लेषण गरिनुपर्ने ।

  वैचारिक र सांगठनिक रूपमा पार्टीलाई सुदृढ गर्नका लागि तल्लो तहसम्म नियमित प्रशिक्षण कार्यक्रमहरू पुऱ्याउनुपर्ने ।

  एमालेकै नेतृत्वमा वामपन्थी एकता र प्रगतिशील शक्तिहरूसँग चुनावी तालमेलको उपयुक्त वातावरण बनाउनुपर्ने ।
- डिजिटल प्लेटफर्म र सूचना प्रविधिको बढीभन्दा बढी प्रयोग गरी पार्टीलाई प्रविधिमैत्री बनाउनुपर्ने ।
- स्थानीय कमिटीहरूलाई थप जिम्मेवार बनाउन आर्थिक दायित्व र अधिकार प्रदान गरिनुपर्ने ।
- युवा मतदाताहरूलाई आकर्षित गर्न र उनीहरूलाई पार्टीमा जोड्न भूगोल केन्द्रित विशेष कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने ।
- पार्टीका लक्षित वर्ग (दलित, उत्पीडित आदि) लाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्ने ।
- विगतमा सरकार वा पार्टीबाट भएका कमजोरीहरू स्वीकार गर्दै जनता र कार्यकर्तामाझ खुलारूपमा माफी मागेर अगाडि बढ्नुपर्ने ।
- सदन (संसद) भित्र थप सशक्त लडाइँ लड्नुका साथै सडकबाट पनि जनताका समस्या उजागर गर्ने आन्दोलनहरू अगाडि बढाउनुपर्ने र संसद् भित्रका अन्य दलहरूसँग समन्वय गर्नुपर्ने ।
- पार्टी सदस्यता समयमै नवीकरण गर्ने कार्यमा ध्यान केन्द्रित गर्नुपर्ने र नेता-कार्यकर्ताहरू आ-आफ्नो कार्यक्षेत्र (भूगोल) मा खटिएर दिनचर्या बिताउनुपर्ने ।

**सुदुरपश्चम प्रदेश १. चुनावी पराजय र जनतासँगको सम्बन्ध**

- गम्भीर पराजय र धक्का: निर्वाचनमा पार्टीले गम्भीर धक्का व्यहोरेको र योसँगै आन्दोलन, लोकतन्त्र एवं देशले समेत धक्का पाएको स्पष्ट पारिएको छ ।

□

□

□

□

- जनता र कार्यकर्तामा निराशाः निर्वाचनको परिणामपछि पार्टी कार्यकर्ता र आम जनतामा व्यापक निराशा छाएको छ ।
- जनतासँगको सम्बन्ध टुट्नुः पार्टी र जनप्रतिनिधिहरूको जनतासँगको सम्बन्ध टुटेको, असमझदारी बढेको र सम्बन्ध चिसिएको छ ।
- जनाधार र मतमा गिरावटः विगत (२०७९) को तुलनामा पार्टीको मत परिणाममा व्यापक गिरावट आएको (कतिपय स्थानमा एक-तिहाइ मात्र मत प्राप्त भएको) छ ।
- युवा र बाह्यशक्तिको प्रभावः युवाहरू विदेश पलायन हुनु, सामाजिक सञ्जालमा हुने साइबर हमला, 'बालेन फ्याक्टर' को मनोवैज्ञानिक असर र राष्ट्रिय स्वतन्त्र पार्टी (घण्टी) को चुनावी लहरलाई चिर्न नसक्नु पराजयका कारण हुन् । आफ्नै छोराछोरी तथा कार्यकर्ताका परिवारले समेत घण्टीमा मतदान गरेको अवस्था छ ।

  जनभावना विपरीतका मुद्दाः शिक्षक आन्दोलनलाई सम्बोधन नगर्नु, उखु किसानको अनुदान कटौती हुनु, सुकुम्बासी एवं भूमि समस्या समाधानमा पार्टी कार्यकर्ताले नियुक्ति पाए पनि ठोस काम गर्न नसक्नु जस्ता कारणले जनतामा उल्टो वितृष्णा जगाएको छ ।

२. सांगठनिक एवं आन्तरिक कमजोरीहरू

- आन्तरिक द्वन्द्व र खुट्टा तान्ने प्रवृत्तिः पार्टीका केन्द्रीय पदाधिकारी तथा नेताहरू बीचको आन्तरिक विवाद, गुट-उपगुट र एक-अर्काको खुट्टा तान्ने प्रवृत्तिले जनता र कार्यकर्तामा नकारात्मक सन्देश गएको छ ।
- केन्द्रीय हस्तक्षेपः जिल्ला, पालिका र वडा तहका कमिटीहरू, एवं जनसंगठनहरूको नेतृत्व र उम्मेदवार चयनमा केन्द्र तथा माथिल्लो कमिटीबाट अत्यधिक हस्तक्षेप हुने गरेको छ। स्थानीय सिफारिस र वरिष्ठतालाई लत्याएर केन्द्रबाट तोकेर पठाइएका कारण आन्तरिक घात र गुटबन्दी बढेको छ ।
- कागजी र निष्क्रिय कमिटीहरूः कमिटीहरू लामो समयदेखि निष्क्रिय र कागजमा मात्र सीमित छन् । बैठकहरूमा गणपूरक संख्या (कोरम) समेत नपुग्ने र कार्यकर्तालाई बोकेर बैठकमा ल्याउनुपर्ने लज्जास्पद अवस्था छ ।

- आर्थिक अनुशासनको अभावः जनप्रतिनिधिहरूले पार्टीलाई बुझाउनुपर्ने लेभी (आर्थिक दायित्व) नबुझाएको र लेभी नबुझाउनेलाई कारबाही नभएको गुनासो छ।
- पार्टी सदस्यता नवीकरणमा जटिलताः अनलाइन माध्यमबाट पार्टी सदस्यता नवीकरण गर्ने प्रक्रिया पूर्ण रूपमा व्यावहारिक नभएको र हालसम्म अत्यन्तै न्यून (१० प्रतिशत जति मात्र) नवीकरण भएको छ। १ जनाले ३ जना सदस्य बनाउनुपर्ने नियम व्यावहारिक देखिएको छैन।
- पार्टीको वर्गीय स्वरूप परिमार्जनः पार्टी कतै पैसावालहरूको मात्र त भएन भन्ने आभास हुन थालेको छ, जसले गर्दा यसको वर्गीय आवश्यकता र नेतृत्व स्पष्ट हुन सकेको छैन।

३. नेतृत्व, कार्यशैली र आचरण सम्बन्धी सवाल

- सुविधामुखी र सामन्ती जीवनशैलीः नेता तथा कार्यकर्ताहरूको जीवनशैली जनमैत्री हुन नसकेको, सुविधामुखी भएको र नेताहरूले 'स्टार होटल' खोज्ने जस्ता सामन्ती व्यवहार देखाउन थालेका छन्।
- नेतृत्व हस्तान्तरण र रूपान्तरणको बहसः नेतृत्वको कार्यशैली, वचन र शब्दचयन कार्यकर्तामैत्री हुनुपर्छ। समयको आवश्यकतालाई मध्यनजर गर्दै मुख्य नेतृत्वले जिम्मेवारी सहज रूपमा हस्तान्तरण गर्ने वातावरण बनाउनुपर्छ।
- उमेर हद र कार्यकालको विवादः विधान महाधिवेशनबाट ७० वर्षे उमेर हद र २ कार्यकालको व्यवस्था हटाइनु गम्भीर कमजोरी थियो, जसले गर्दा युवाहरू नेतृत्वमा आउने बाटो बन्द भयो र समाजमा नकारात्मक सन्देश गयो।
- हस्ताक्षर र नेता हटाउने अभियानः पार्टीभित्र जसलाई मन लाग्यो उसैले 'हस्ताक्षर अभियान' वा 'नेता हटाउ अभियान' चलाउने अराजक परिपाटी बन्द हुनुपर्छ। विधान र पद्धति अनुसार मात्र नेतृत्व परिवर्तन हुनुपर्छ।

४. सरकार र नीतिगत सवालहरू

- गलत गठबन्धन र अपरिपक्व निर्णयः नेपाली कांग्रेससँग गठबन्धन गरेर सरकारमा जानु पार्टीका लागि प्रत्युत्पादक र घाटाको विषय बनेको छ, यो गठबन्धन तुरुन्त तोडिनुपर्छ ।
- बजेट विनियोजनमा विभेद र असन्तुष्टिः सुदूरपश्चिम प्रदेश सरकारको बजेट विनियोजनमा विभेद भएको, राति १२ बजे बजेट ल्याइएको र संसदीय दलका नेताहरूले मुख्यमन्त्रीसँग मिलेमतो गरी बजेट बाँडफाँट गरेको (करोडौं रूपैयाँ लिएर चुप बसेको) जस्ता गम्भीर आरोप लागेका छन्, जसको छानबिन हुनुपर्छ ।
- अपरिपक्व मन्त्री परिवर्तनः सुदूरपश्चिम सरकारमा पटक-पटक मन्त्री फेर्ने कच्चा निर्णयले पार्टीप्रति जनतामा थप वितृष्णा जगाएको छ ।

भावी सुधारका लागि गरिएका प्रमुख सुझावहरूः

- पार्टीको ‘रि-इन्जिनियरिङ’ र सुदृढीकरणः अब सामान्य टालटुल (रेट्रोफिटिङ) ले मात्र पार्टी चल्दैन, सम्पूर्ण संरचनालाई नयाँ विचार र सिद्धान्तका आधारमा ‘रि-इन्जिनियरिङ’ तथा पुनर्गठन गरिनुपर्छ ।
- पार्टीको श्वेतपत्र र रोडम्याप जारी गर्नेः विगतमा भएका गम्भीर गल्ती र कमजोरीहरूलाई सार्वजनिक रूपमा स्वीकार गर्दै सुधारका लागि निश्चित रोडम्याप र श्वेतपत्र जारी गरिनुपर्छ ।
- कमिटीहरूको आकार चुस्त बनाउनेः वडादेखि केन्द्रसम्मका कमिटीहरूलाई पुनर्गठन गरी आकार सानो, छरितो र कार्यसम्पादनमा चुस्त बनाउनुपर्छ ।
- उमेर हद र कार्यकालको नियम पुनः लागू गर्नेः प्रमुख पदहरूमा बढीमा २ कार्यकाल, ३ पटकसम्म महाधिवेशन/अधिवेशन प्रतिनिधि र ७० वर्ष उमेर हदको व्यवस्था विधान संशोधन गरेर तत्काल लागू गरिनुपर्छ ।
- युवा र महिलाको ५०% सहभागिताः पार्टीका हरेक तहका कमिटी र नेतृत्वमा युवा तथा महिलाहरूको ५० प्रतिशत सहभागिता सुनिश्चित गरिनुपर्छ । ३० वर्ष मुनिका युवाहरूलाई पार्टीमा आकर्षित गर्ने विशेष कार्यक्रम ल्याउनुपर्छ ।
- कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कारः जिम्मेवारी अनुसार काम गरे/नगरेको नियमित मूल्यांकन गरी काम गर्नेलाई पुरस्कृत र नगर्ने वा पार्टी निर्णय विरुद्ध लाग्नेलाई कडा कारबाही गरिनुपर्छ । लेभी नबुझाउने जनप्रतिनिधिहरूलाई जिम्मेवारीबाट मुक्त गर्नुपर्छ ।
- उम्मेदवार चयनमा आन्तरिक निर्वाचनः आगामी निर्वाचनहरूमा उम्मेदवार चयन गर्दा जिल्लाको सिफारिसलाई नै अन्तिम आधार मान्ने वा कमिटीभित्रै आन्तरिक निर्वाचन गराएर उम्मेदवार छानिने व्यवस्था गर्नुपर्छ ।

□

- पार्टी सदस्यता र लेभी बाँडफाँटमा सुधारः तल्लो कमिटीहरूलाई बलियो बनाउन पार्टी सदस्यता शुल्क र लेभीको बाँडफाँडमा तल्लो कमिटीको प्रतिशत बढाइनु पर्छ। केन्द्रीय र प्रदेश सदस्यहरूको सदस्यता नवीकरण सम्बन्धित जिल्ला कमिटीमै गर्ने व्यवस्था हुनुपर्छ ।

- जनसंगठनहरूको कार्यशैलीमा सुधारः जनसंगठनहरूले वर्गीय सवालहरू उठाउनुपर्छ र तिनीहरूको नेतृत्व चयनमा हुने केन्द्रीय हस्तक्षेप पूर्ण रूपमा रोकिनुपर्छ ।
सूचना प्रविधिको सही उपयोग र प्रचारः पार्टीले गरेका विगतका राम्रा कामहरूको जनतामाझ प्रभावकारी ढंगले प्रचार गर्न आधुनिक सूचना प्रविधि र सामाजिक सञ्जालको सही उपयोग गरिनुपर्छ ।

- ६ महिने विशेष अभियानः पार्टीलाई पुनर्जीवित गर्न र आगामी निर्वाचनको तयारीका लागि नेताहरूले पद त्यागको घोषणासहित ६ महिना जनताको घरदैलोमा जाने विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

## ९. केन्द्रीय सल्लाहकार

२०८३ असार २३ गते कमरेड रामबहादुर थापाको अध्यक्षतामा सम्पन्न नेकपा (एमाले) को केन्द्रीय सल्लाहकारहरूको बैठकमा निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठनका सन्दर्भमा सल्लाहकारहरूले राखेका सुझाव र उठाएका सवालहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छः १.

निर्वाचन परिणाम र जनाधारसम्बन्धी सवाल

- अकल्पनीय धक्का र पराजयः फागुन २१ को निर्वाचनमा पार्टीले अकल्पनीय धक्का र व्यहोर्नु परेको छ ।
- जनाधार र मतमा गिरावटः पार्टीको जनाधार खस्किएको छ, बलियो आधार क्षेत्र भनिएको झापामै पचास हजार मतले चुनाव हार्ने स्थिति बनेको छ र पार्टी सदस्य सङ्ख्याभन्दा पनि कम भोट प्राप्त भएको छ ।
- अवस्थाको पूर्वानुमान नहुनुः निर्वाचनमा परिणामको सही पूर्वानुमान हुन सकेन र केन्द्रीय निर्वाचन संयोजकले नै काठमाडौँ छोड्ने जस्तो कमजोरी देखियो ।
- पार्टी तेस्रो हुने पूर्वजानकारीः पार्टी तेस्रो स्थानमा पुग्छ भन्ने कुरा पहिल्यै अनुमान गर्न सकिने खालको वातावरण बनिसकेको थियो ।
- घण्टी (रास्वपा) मा भोट जाने स्थितिः आफ्नै पार्टीका सदस्यहरूले घण्टीमा भोट हाल्ने अवस्था सिर्जना भयो र जसलाई पायो उसैलाई होडबाजीका रूपमा पार्टी सदस्य बनाइयो ।
- विदेशी शक्तिको आक्रमणः पार्टीमाथि त्इ्र र ञ्भचष्अबल थ्यगतज ऋयगलअर्ष जस्ता विदेशी शक्तिहरूबाट आक्रमण भएको छ ।

२. वैचारिक, सैद्धान्तिक र नीतिगत समस्याहरू

- वैचारिक-सैद्धान्तिक विचलनः पार्टीमा लामो समयदेखि वैचारिक, सैद्धान्तिक र दार्शनिक सवालमा समस्या तथा विचलनहरू देखापरेका छन् ।
- मार्गदर्शनको उपेक्षाः पार्टी मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद (जबज) को मार्गदर्शन अनुसार चल्न सकेन, बरु यी सिद्धान्तलाई निस्तेज र निष्क्रिय पारियो ।
- नीति र व्यवहारमा अन्तरः पार्टीको चुनावी घोषणा-पत्रमा भनिएको कुरा र व्यवहारमा गरिएको काम (भनाइ र गराइ) मिल्न सकेन ।
- नीतिमुखी भन्दा नेतामुखीः पार्टी नीतिमुखी हुनुपर्नेमा नेतामुखी बन्न पुग्यो र विचारलाई भन्दा व्यक्तिलाई प्राथमिकता दिइयो ।
- नयाँ मुद्दा उठाउन नसक्नुः बदलिएको समय अनुसार बदलिएका मुद्दाहरू उठाउन र उमेर समूहलाई विगतको आन्दोलनको दीक्षा दिन पार्टी चुक्यो ।

३. नेतृत्वको कार्यशैली, दम्भ र स्वेच्छाचारिता

- व्यक्तिवादी र स्वेच्छाचारी शैलीः सामूहिक नेतृत्व प्रणाली समाप्त भएको छ, नीति र विधानभन्दा व्यक्तिलाई माथि राख्ने र स्वेच्छाचारी ढङ्गले पार्टी सञ्चालन गर्ने प्रवृत्ति बढेको छ ।
- अहंकार र दम्भः नेतृत्वमा 'सबै मैले नै बनाएको हो' र 'म नभए पार्टी कसरी चल्छ' भन्ने जस्ता अहंकार एवं दम्भ हाबी भएको छ ।
- आलोचना सुन्ने परम्पराको अन्त्यः नेतृत्वले आफ्नो प्रशंसा सुन्न मात्र बैठकहरू आयोजना गर्ने गरेको छ र आलोचना वा सुझाव सुन्ने परम्परा पूर्ण रूपमा हराएको छ ।
- घेराबन्दी र चाप्लुसीः नेतृत्वले आफ्नो वरिपरि बस्ने र चाप्लुसी गर्ने सीमित मानिसहरूको मात्र कुरा सुन्ने तथा गुटको घेरामा मात्र रमाउने गरेको छ ।
- कमजोरी ढाकछोप गर्ने प्रवृत्तिः अरूलाई मात्र गाली गर्ने तर आफ्ना कमी-कमजोरीको कुनै आभास नगर्ने र त्यसलाई ढाकछोप गर्ने प्रवृत्ति नेतृत्वमा देखिएको छ ।
- पार्टीको 'ओलीकरण': पार्टीको ओलीकरण भएको छ र पार्टीको काम भनेकै नेताको चाप्लुसी गर्ने जस्तो बन्न पुगेको छ ।

४. सांगठनिक बेथिति र कमिटी प्रणाली

- कमिटी प्रणाली विस्थापित र भद्दाः कमिटी प्रणाली विस्थापित भएको छ, कमिटीहरूमा राम्ररी बहस नहोस् भन्ने आशयले ठूला र भद्दा आकारका कमिटीहरू बनाइएका छन् ।
- चरम गुटबन्दीः पार्टीभित्र कसैलाई स्थापित र कसैलाई विस्थापित गर्ने घृणित खेलसहित चरम गुटबन्दी मौलाएको छ ।

- टिकट र उम्मेदवार चयनमा बेथितिः चुनावमा पटक-पटक उम्मेदवार फेर्ने, जथाभाबी टिकट वितरण गर्ने र संघ तथा प्रदेशमा १५ जनाभन्दा बढी दोषी तथा दागी मानिसहरूलाई उम्मेदवार बनाउने काम गरियो ।
- इमानदार कार्यकर्ताको मानमर्दनः पुराना र इमानदार नेता-कार्यकर्ताहरूलाई पाखा लगाउने, बेवास्ता गर्ने तर खोटी र दागीहरूसँग नेतृत्वको निरन्तर भेटघाट र सङ्गत हुने गरेको छ ।
- जिम्मेवारी व्यवस्थापनको अभावः प्रदेश र जिल्ला कमिटीहरूमा साङ्गठानिक व्यवस्थापन मिल्न सकेको छैन र वडा कमिटी चलाउने नेतृत्व पनि राम्रो भएन ।
- कमिटीका कीर्ते डाटाहरूः सार्वभौम सदस्यको भूमिका कमजोर पारिएको छ, कीर्ते सदस्य र कीर्ते डाटाहरू कायम छन्, तथा मधेशका कतिपय पालिकामा अधिवेशन नै नभई रिपोर्टिङ गरिएको छ ।
- सदस्यता नवीकरणमा कित्ताकाटः विगतमा क. विद्या भण्डारीको पार्टी सदस्यता नवीकरणको विषयलाई लिएर महाधिवेशन गर्ने र कित्ताकाट गर्नेजस्ता गलत कार्यहरू भए ।

५. नेताहरूको आचरण, जीवनशैली र आर्थिक विचलन

- विलासी र सामन्ती जीवनशैलीः नेता-कार्यकर्ताहरूको जीवनशैली विलासी, राजा-महाराजा जस्तो र श्रमजीवी जनताको भावना विपरीतको भएको छ ।

- बिचौलियासँगको सामीप्यता: पार्टी नेतृत्व श्रमजीवी जनताबाट टाढा हुँदै गएको र बिचौलियाहरूको पक्षमा काम गर्ने तथा तिनीहरूसँग नजिक हुने अवस्था आएको छ ।
- आर्थिक र चारित्रिक विचलन: नेता-कार्यकर्ताहरूमा आर्थिक र चारित्रिक विचलन बढेको छ, तथा पार्टीभित्रका आर्थिक र यौनकाण्डहरूको छानबिन गर्न माग गर्दा पनि मानिएको छैन ।
- विवादास्पद इन्ट्री र चन्दा प्रकरण: दुर्गा प्रसाईँलाई सोझै केन्द्रमा पुऱ्याउनु, मीनबहादुर गुरुङबाट खुलमखुल्ला चन्दा र जग्गा लिनु जस्ता कार्यले पार्टीको छवि धुमिल बनाएको छ ।
- पैसावालहरूको पार्टी: पार्टी पैसा, गुट र चाप्लुसी गर्ने सीमित मानिसहरूको मात्र हो कि भन्ने भान सर्वसाधारणमा परेको छ ।
- 'ओली कुटी' प्रोजेक्ट: 'ओली कुटी' जस्ता प्रोजेक्टहरूले पार्टीको छविमा थप सङ्कट पैदा गरिरहेको छ ।

६. सरकार, सत्ता समीकरण र नीतिगत असफलता

- गलत सत्ता समीकरण: जोसुकैसँग र जुनसुकै सर्तमा पनि सत्ता समीकरण गर्ने कार्य पूर्णरूपमा गलत थियो, जसले गर्दा सिंगो वामपन्थमै सङ्कट आयो ।
- प्रतिनिधिसभा विघटनको असर: २०७७ साल पुस ५ गतेदेखि प्रधानमन्त्रीले पटक-पटक संसद विघटन गरेपछि पार्टी ओरालो लाग्न सुरु भएको हो ।
- बजेट र विकास निर्माणमा समस्या: बजेटको रातो किताब परिवर्तन हुन सकेन र विकास निर्माणका कामहरू नेतृत्वले सोचेभन्दा फरक र जनअपेक्षा विपरीत भए ।
- पार्टी कोषको रकम सरकारलाई: पार्टीको कोषबाट रकम सरकारी निकायमा के उद्देश्यले पुऱ्याइयो भन्नेबारे गम्भीर सवाल उठेको छ ।
- सुशासन र जनअपेक्षामा असफलता: पार्टी नेतृत्वको सरकार ठीक ढङ्गले चल्न सकेन, सुशासन दिन सकेन र शिक्षाको व्यापारीकरण रोक्ने कुनै प्रयास भएन ।
- सहकारी क्षेत्रमा विश्वासको सङ्कट: सहकारी मन्त्री राजेन्द्र राई बाहेक अन्य एमाले मन्त्रीहरूका कारण सहकारी क्षेत्रमा जनताको विश्वास गुम्ने काम मात्र भयो ।
- लाइसेन्स वितरणमा वर्गीय चरित्रको अभाव: विभिन्न लाइसेन्स वितरण प्रक्रियामा पार्टीले आफ्नो वर्गीय चरित्र देखाउन सकेन ।

७. जनता र समाजसँगको सम्बन्ध

- भावनात्मक सम्बन्ध टुट्नु: जनतासँगको भावनात्मक सम्बन्ध टुटेको छ, जनता नेताहरू प्रति निराश र तिरस्कृत छन्, जसले गर्दा पार्टीबाट पलायन हुनेहरूको सङ्ख्या बढेको छ ।

- जेन्जी (न्भल-श) आन्दोलनको नजरअन्दाजः नयाँ पुस्ताको जेन्जी आन्दोलनलाई नेतृत्वले नजरअन्दाज गऱ्यो र यसले पार्टीलाई ठूलो क्षति पुऱ्यायो ।
- जनतालाई हेप्ने प्रवृत्तिः पार्टीका धेरै अभिव्यक्ति र कुराहरू जनतालाई हेप्ने किसिमका भए ।
- मेयर बालेनमाथिको आक्रमण प्रतिवादः काठमाडौँका मेयर बालेन शाहलाई विनाकारण तारो बनाउने काम गरियो, जसले नकारात्मक असर पाऱ्यो ।
- फिल्ड कार्य शून्य, रिपोर्टिङ मात्रः नेता-कार्यकर्ताहरू जनता र सेल्टरदाताको घरमा जान छाडेका छन्, फिल्डमा काम शून्य छ तर माथि राम्रो रिपोर्टिङ गरे पुग्ने परिपाटी छ ।

८. पार्टीभित्रका कारबाही र आन्तरिक निर्णयहरू

- गलत कारबाहीहरूः क. विन्दा र क. उषालाई कारबाही गर्ने निर्णय गलत थियो ।
- सुझाव दिनेलाई दुश्मन ठान्नेः विगतमा पार्टी हितका लागि सही सुझाव दिने कार्यकर्ताहरूलाई दुश्मन बनाउने र अपराधी करार गर्ने काम भयो ।
- भदौ २३-२४ को घटनामा आत्मालोचना नगर्नुः भदौ २३ र २४ को घटनामा नेतृत्वले आत्मालोचना गर्नुपर्नेमा त्यसो गरिएन ।

भावी सुधार, रूपान्तरण र पुनर्गठनका लागि गरिएका प्रमुख सुझावहरूः

- व्यापक पार्टी पुनर्गठन र रूपान्तरणः यथास्थितिमा पार्टी जोगाउन नसकिने भएकाले कार्यकर्ताको भावना अनुसार वैचारिक, सैद्धान्तिक, साङ्गठानिक र शैलीगत रूपमा पूर्ण रूपान्तरण र पुनर्गठन गरिनुपर्छ ।
- नीति र नेतृत्वबारे ११औं महाधिवेशनबाट फैसलाः ११औं महाधिवेशन प्रतिनिधि परिषद्को बैठक वा विशेष महाधिवेशन/विचार महाधिवेशन बोलाएर नीति र नेतृत्वबारे ठोस फैसला गरिनुपर्छ ।
- मूल नेतृत्वको सहज बहिर्गमन र मार्गप्रशस्तः पार्टीको भविष्यका लागि मूल नेतृत्व (पार्टी अध्यक्ष) ले ससम्मान नेतृत्व छोड्नु पर्छ र मार्गप्रशस्त गरेर विदा लिनुपर्छ ।
- पुस्तान्तरण र युवालाई जिम्मेवारीः युवापुस्तामा नेतृत्व र जिम्मेवारी हस्तान्तरण गरिनुपर्छ तथा पार्टीमा समावेशीकरणको सही सन्तुलन मिलाउनुपर्छ ।
- उमेर हद र कार्यकालको व्यवस्थाः पार्टी विधानमा कार्यकाल र उमेर हदको व्यवस्थालाई पुनः दृढतापूर्वक लागू गरिनुपर्छ ।
- कमिटीहरूको आकार सानो बनाउनेः पार्टीका प्रदेश र स्थानीय तहका भद्दा कमिटीहरूको साइज (आकार) घटाएर चुस्त बनाउनुपर्छ ।

- सल्लाहकार कमिटीको व्यवस्थापनः 'बानप्रस्थ' (उमेर पुगेका वा सक्रिय राजनीतिबाट अलकिएका) अवस्थामा पुगेका नेताहरूलाई सल्लाहकार बनाइनुपर्छ ।
- भक्तिवादको अन्त्य र ज्ञानवादको सुरुवातः पार्टीलाई व्यक्ति पूजा वा भक्तिवादबाट मुक्त गरी ज्ञानवाद र वस्तुनिष्ठ समीक्षाका आधारमा चलाउनुपर्छ ।
- विगतका प्रतिवेदन र सुझावहरूको कार्यान्वयनः विगतका कार्यदलका प्रतिवेदनहरू कतैबाट प्रभावित नभई इमानदारीपूर्वक लागू गरिनुपर्छ र 'मिसन ग्रासरुट' जस्ता अभियानका सुझावहरू कार्यान्वयन गरिनुपर्छ ।
- पार्टी कार्यालय बल्खुमै निर्माणः पार्टी कार्यालय बनाउने सवालमा पुरानै निर्णय बमोजिम बल्खुमै कार्यालय भवन निर्माण गरिनुपर्छ ।
- 'ओली कुटी' प्रोजेक्ट खारेजीः 'ओली कुटी' प्रोजेक्ट खारेज गरी पार्टी अध्यक्षको बालकोटस्थित घरलाई पार्टीकै कोषबाट मर्मत गर्ने व्यवस्था गरेर छवि सुधार गर्नुपर्छ ।
- संविधान संशोधनको पहलः संविधानमा देखिएका विद्यमान समस्याहरू पहिचान गरी परिमार्जन वा संशोधनका लागि पार्टीले नेतृत्वदायी पहल गर्नुपर्छ ।
- जनतासँग माफी र आर्थिक पारदर्शिताः पार्टीले गरेका गल्तीहरूको हकमा जनतासँग खुला रूपमा माफी माग्नुपर्छ र नेताहरूको आर्थिक पारदर्शिता अनिवार्य गरिनुपर्छ ।
- सूचना प्रविधि (क्ष्त) मा ध्यानः बदलिएको परिवेश अनुसार पार्टीले सूचना प्रविधि र सामाजिक सञ्जालको सही उपयोगमा ध्यान दिनुपर्छ ।
- एकता र कठोर सङ्कल्पः पार्टीको आन्तरिक एकतालाई बलियो बनाउँदै, जनताको दुखेको मन र टुटेको सम्बन्धलाई पुनः जोड्न कठोर सङ्कल्पका साथ अघि बढ्नुपर्छ ।

## १०. केन्द्रीय आयोग र विभागहरू

१. **निर्वाचन परिणाम र समसामयिक राजनीतिक अवस्था** य ऐतिहासिक तथा लज्जास्पद हारः फागुन २१ को निर्वाचन परिणाम इतिहासकै लज्जास्पद र ऐतिहासिक हार हो, जसका कारण पार्टी पूर्णरूपमा धुलीसात भएको छ र कार्यकर्तामा चरम निराशा छाएको छ ।

- ○ जनाधार र मतमा निरन्तर गिरावटः २०७९ को निर्वाचनदेखि नै पार्टीको मत घट्दो क्रममा छ, निर्वाचनमा जतातत‍ै अस्तव्यस्तताको प्रचार गरियो र भ्रमहरूका कारण मत ब्ककभककभलत मा ठूलो ह्रास आयो ।
- ○ गठबन्धन र सत्ता समीकरणप्रति असन्तोषः निर्वाचनमा जानु आफैँमा गल्ती थियो र पछिल्लो समय गरिएका सत्ता समीकरणहरू, विशेष गरी नेपाली कांग्रेससँगको सहकार्यलाई जनताले मन पराएनन् ।
- ○ राजनीतिक षड्यन्त्र र बाह्य प्रहारः पार्टीविरुद्ध भएका राजनीतिक षड्यन्त्रहरूलाई समयमै बुझ्न सकिएन र कम्युनिष्ट एवं देशभक्त पहिचानमाथि बाह्य प्रहार हुँदा पनि नेतृत्व तहबाट आवश्यक संवेदनशीलता देखिएन ।

- पार्टी विभाजन र अन्तरद्वन्द्वको असरः पार्टी विभाजनको नकारात्मक असर निर्वाचनमा स्पष्ट रूपमा देखियो र पार्टीको शक्ति पृथकीकरण एवं आन्तरिक जनवाद कमजोर बन्यो ।

२. वैचारिक, सैद्धान्तिक र नीतिगत कमजोरीहरू य वैचारिक कमी र सिद्धान्तको उपेक्षाः पार्टीमा वैचारिक तथा सैद्धान्तिक कमी छ, 'जनताको बहुदलीय जनवाद' (जबज) को मर्म अनुसार पार्टी अगाडि बढ्न सकेको छैन र सिद्धान्त छाडेर व्यक्तिवादी चिन्तन हाबी भएको छ ।

- मुद्दाहरू उठाउन र रक्षा गर्न नसक्नुः राष्ट्रियता र पूर्वाधारका क्षेत्रमा काम भए पनि रोजगारी, उत्पादन, किसान, मजदुर तथा सुकुम्वासीका सही मुद्दाहरूलाई पार्टीले सशक्त रूपमा उठाउन र २०७४ का उपलब्धिलाई रक्षा गर्न सकेन ।
- संविधान संशोधनमा उदासीनताः संविधानका दश वर्ष पुगेका धाराहरूको पुनरावलोकन तथा संविधान संशोधनको मुद्दालाई पार्टीले मुख्य एजेन्डा बनाउन सकेन ।

○

समाजवादको अमूर्त अवधारणाः हाम्रो पार्टी र कांग्रेसको समाजवादमा के फरक छ भन्ने स्पष्ट भएन र चुनाव जित्नु वा सरकार बनाउनु नै समाजवाद हो भन्ने भ्रम देखियो ।

३. नेतृत्वको कार्यशैली, स्वेच्छाचारिता र दम्भ य एकल र निरङ्कुश शैलीः नवौं महाधिवेशन पछि एमाले एकल नेतृत्वमा चल्यो, जसका कारण आन्तरिक जनवाद समाप्त भई बोली र गराइमा फरक पर्ने स्वेच्छाचारी र निरङ्कुश शैली हाबी भयो ।

- ○ नेतृत्वको देवत्वकरण र अहंकारः नेतृत्वलाई सर्वैसर्वा मानी देवत्वकरण गरियो र पार्टीमा अहंकार, दक्षिणपन्थी अहंकार प्रदर्शन तथा 'म नभई चल्दैन' भन्ने केन्द्रीकृत तानाशाही मानसिकता संस्थागत भयो ।
- ○ चाकडीतन्त्र र दासहरूको झुण्डः 'हजुरमा हो' गर्ने चापुलसी प्रथा बढ्यो, फरक मत राख्नेहरूमाथि दमन गरियो र पार्टीमा दासहरूको झुण्ड जस्तो बनाउने काम भयो ।
- ○ नेतृत्वको द्वैध चरित्र र यथार्थको नजरअन्दाजः तल्लो तहको वास्तविक अवस्था र अध्यक्षको बुझाइमा ठूलो अन्तर छ; अध्यक्षले आफूलाई हटाउन लागेको भन्दै बचाउका लागि एउटा कुरा गर्ने र व्यवहारमा अर्को गर्ने द्वैध चरित्र देखाउनुभयो ।

४. सांगठनिक बेथिति र कमिटी प्रणालीका समस्या य ठूला र निष्क्रिय कमिटीहरूः कमिटीहरू धेरै ठूला, भद्भा र नचल्ने खालका बनाइएका छन्, जसले गर्दा सांगठनिक जीवन लथालिङ्ग र कमजोर बनेको छ ।

- ○ उम्मेदवार र टिकट चयनमा मनोमानीः उम्मेदवार चयन गर्दा तल्लो कमिटी र जिल्लाको सिफारिसलाई लत्याइयो, अन्तिम समयमा उम्मेदवार फेरबदल गरियो र पैसावाल एवं गलत छवि भएका व्यक्तिहरूलाई टिकट बाँडियो ।
- ○ चाकडीका भरमा समानुपातिक र अवसर वितरणः निर्वाचनमा क्षमता र मेरिटोक्रेसी (योग्यता) का आधारमा नभई नेतृत्वको नजिक भएको वा 'मुख मिठ्याएको' (चाकडी गरेको) भरमा समानुपातिक र अन्य अवसरहरूको अन्यायपूर्ण वितरण गरियो ।
- ○ सदस्यता नवीकरणमा विकृतिः नक्कली सदस्यताको बिगबिगी छ र विद्या भण्डारीलाई सदस्यता नदिने जस्ता गलत निर्णयहरू सांगठनिक क्षेत्रमा भए ।
- ○ आलोचनात्मक चेत भएका कार्यकर्ताको तेजोवधः नेतृत्वलाई सही सुझाव वा आलोचना दिने असल कार्यकर्ताहरूलाई प्रतिस्पर्धी वा विरोधी ठानेर किनारा लगाउने (तेजोवध गर्ने) काम भयो ।
- ○ कारबाही प्रक्रियामा विधि मिचिएकोः विन्दा पाण्डे लगायतका नेताहरूमाथि गरिएको कारबाही फेसबुक र सामाजिक सञ्जालको प्रचारका आधारमा विधि मिचेर गरियो । य बैठकहरूको व्यापारीकरणः पार्टीका बैठकहरू नीति र सिद्धान्तमा आधारित नभई केवल 'आर्थिक मिटिङ, सिटिङ र इटिङ' (खानपिन र बस्ने) मा मात्र सीमित हुन पुगे ।

○

५. आचरण, जीवनशैली र आर्थिक/नैतिक विचलन य रवाफिलो जीवनशैली र आचरणमा ह्रासः आश्रय दिने (सेल्टरदाता) गरिब कार्यकर्ताको जीवनशैली र नेताहरूको रवाफिलो एवं विलासी जीवनशैलीका बिचमा ठूलो दूरी पैदा भएको छ ।

भ्रष्टाचार र अनियमितताः नेताहरूमाथि निरन्तर भ्रष्टाचार र अनियमितताका गम्भीर आरोपहरू लाग्ने गरेका छन्, जसले गर्दा पार्टीको छवि सुशासन विरोधी जस्तो बनेको छ । य व्यापारिक स्वार्थ र योजनाको बिक्रीः राज्य स्रोतको करोडौँ खर्च गर्ने र आफ्ना योजनाहरू बेचेर गुजारा गर्ने आर्थिक एवं नैतिक आचरणहीन प्रवृत्ति नेताहरूमा देखिएको छ ।

६. जनता, युवा पुस्ता र प्रविधिसँगको दूरी य जेन्जी (न्भल-श) र युवा मनोविज्ञान बुझ्न नसक्नुः नयाँ पुस्ता (जेन्जी) को लहर र युवा मनोविज्ञानलाई बुझ्न पार्टी पूर्ण रूपमा असफल रह्यो, जसका कारण युवाहरू पार्टीबाट टाढा भए ।

- ○ डिजिटल संसारमा कमजोरीः डिजिटल युग र नयाँ प्रविधिले समाजको पदानुक्रम (हाइऱ्यार्की) भत्काउँदा पनि पार्टी डिजिटल प्लेटफर्म र सोसल मिडियाको पहुँचमा अत्यन्तै कमजोर साबित भयो ।
- ○ भाषणमुखी र जनसरोकारबाट टाढाः पार्टीका नेताहरू केवल भाषणमुखी भए, तर जनता भाषण सुन्ने मुडमा छैनन्; सामाजिक सञ्जाल बन्द गर्ने जस्ता अपरिपक्व निर्णयले आगोमा घ्यू थप्ने काम मात्र गऱ्यो ।
- ○ जनता र मतदाताको अविश्वासः पार्टीका राम्रा कुराहरू पनि जनताले सुन्न छाडेका छन् र विपक्षीहरूको आर्थिक प्रलोभन वा पैसातर्फ मतदाता आकर्षित हुने स्थिति बन्यो ।

भावी सुधार, रूपान्तरण र पुनर्गठनका लागि गरिएका प्रमुख सुझावहरूः य पार्टीको समग्र रूपान्तरण र पुनर्गठनः यथास्थितिमा पार्टी चल्न नसक्ने भएकाले नीति, विचार, संगठन, आचरण र व्यवहारको समग्र क्षेत्रमा क्रान्तिकारी पुनर्गठन र पुनर्संरचना गरिनुपर्दछ । य पार्टी अध्यक्षको राजीनामा र मार्गप्रशस्तः निर्वाचनको ऐतिहासिक हार र सांगठनिक विकृतिको सम्पूर्ण जिम्मेवारी लिँदै पार्टी अध्यक्षले तत्काल राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्दछ र नयाँ नेतृत्वका लागि प्रस्ताव अघि सार्नुपर्दछ ।

- ○ नेतृत्व हस्तान्तरण र पुस्तान्तरणः दोस्रो, तेस्रो र चौथो पुस्ताका योग्य, स्वच्छ छवि भएका र परिपक्व युवा एवं महिलाहरूलाई नेतृत्वको अग्रभागमा ल्याउने गरी ठोस वैधानिक मोडल तयार पारिनुपर्दछ ।
- ○ ग्रेसफुल एक्जिट (सम्मानजनक बहिर्गमन)ः जबरजस्ती कसैलाई निकाल्ने भन्दा पनि संरचनाले थेग्ने गरी शीर्ष नेताहरूका लागि 'ग्रेसफुल एक्जिट' को बाटो रोजिनुपर्दछ ।
- ○ एक कार्यकाल र कार्यकाल सीमा (२ कार्यकाल) को व्यवस्थाः विधानमा मुख्य कार्यकारी पदका लागि १ पद २ कार्यकालको सीमालाई अनिवार्य रूपमा उल्लेख गरी कडाइका साथ लागू गरिनुपर्दछ ।

- 
- शीर्ष नेताहरूलाई सल्लाहकार समितिमा राख्ने: एक कार्यकाल महासचिव र अध्यक्ष भइसकेका पुराना नेताहरूलाई कार्यकारी भूमिकाबाट हटाई सल्लाहकार समितिमा राखिनुपर्दछ । य सचिवालय, कमिटी र आयोगहरूको स्वायत्तता: केन्द्रीय कमिटी, लेखा आयोग र अनुशासन आयोग जस्ता निकायहरूलाई पूर्ण स्वतन्त्रता र स्वायत्तता दिई विधान अनुकूल सञ्चालन गर्नुपर्दछ ।
- कमिटीहरूको आकार सानो र चुस्त बनाउने: हालका ठूला र भद्दा कमिटीहरू विघटन गरी बढीमा १०० जना भित्रका चुस्त कार्य समितिहरू बनाइनुपर्दछ ।
  उम्मेदवार चयनमा मेरिटोक्रेसी र वडा केन्द्रित जिम्मेवारी: आगामी चुनावमा टिकट वितरण गर्दा तल्लो कमिटीको सिफारिसलाई अनिवार्य मान्नुपर्छ र नेताहरूलाई आ-आफ्नो वडाको जनमत हेरेर वडा केन्द्रित जिम्मेवारी दिनुपर्दछ ।
- नक्कली सदस्यता खारेजी र वर्गीकरण: नक्कली र कागजी सदस्यताहरू खारेज गरिनुपर्छ र संगठित सदस्यतालाई व्यवस्थित गर्दै उमेर समूह (१५-४०, ४०-६० र ६० भन्दा माथि) का आधारमा वर्गीकरण गर्नु पर्दछ ।
- नीतिगत सुधार (उत्पादन, रोजगारी र भूमि): भौतिक विकासमा मात्र सीमित नभई उत्पादनमा आत्मनिर्भरता, रोजगारी सिर्जना, वैज्ञानिक भूमिसुधार तथा सुकुम्वासी, किसान र मजदुरका वर्गीय आन्दोलनलाई सम्बोधन गर्ने कार्ययोजना बनाउनुपर्छ ।
- प्रविधि र डिजिटल प्लेटफर्मको प्रभावकारी उपयोग: डिजिटल युग अनुकूल प्रभावकारी कन्टेन्ट क्रिएसन (सामग्री निर्माण) गरी डिजिटल संसारमा पहुँच बढाउनुपर्दछ ।
- निरन्तर आत्मसमीक्षा, विधिको शासन र सामूहिक निर्णय: 'म' होइन 'हामी' भन्ने भावना र नेतृत्व प्रणाली विकास गरी सामूहिक निर्णय, निरन्तर आत्मसमीक्षा र विधिको शासनलाई अक्षरस: पालन गर्नुपर्दछ ।
- जनतामा क्षमायाचना र नयाँ कार्यगत एकता: विगतका गल्ती र कमजोरीहरूका लागि विशिष्ट रूपमा जनतासमक्ष क्षमायाचना र प्रतिबद्धतासहित घरदैलोमा जानुपर्छ तथा पार्टी एकताको सट्टा राष्ट्रिय एजेन्डामा कार्यगत एकता मात्र गर्नुपर्दछ ।
- 'मिसन' शब्दको खारेजी: पार्टीका कार्यक्रमहरूबाट भ्रम सिर्जना गर्ने 'मिसन' जस्ता शब्दहरू हटाइनुपर्दछ ।

## ११. जनसंगठनहरू निर्वाचन, उम्मेदवार चयन र प्रचार-प्रसार सम्बन्धी

- उम्मेदवार चयनमा सुधार: उम्मेदवारी दिँदा पैसावाला वा ठेकेदार मात्र नखोजेर जनतामाझ लोकप्रिय, दक्ष, इमानदार र सम्बन्धित समुदायको परामर्शमा चयन गरिनुपर्ने तथा दुई पटकसम्म हारेका वा बहालवाला जनप्रतिनिधि (मेयर/सांसद) लाई पुन: उम्मेदवार बनाउन नहुने ।
- विद्रोही र प्रतिस्पर्धीको परिचालन: निर्वाचनमा टिकट वितरण पारदर्शी हुनुपर्ने र प्रदेश कमिटीले सिफारिस गरेका तर टिकट नपाएका प्रतिस्पर्धीहरूलाई चुनाव प्रचारमा अनिवार्य परिचालन गर्ने नीति बनाउनुपर्ने ।

○

- प्रचार शैली र चुनावी घोषणापत्रः निर्वाचन प्रचार अभियान र खर्चलाई विकेन्द्रीकृत एवं कम खर्चिलो बनाइनुपर्ने । चुनावी घोषणापत्र भद्दा र जटिल भाषाको हुनु नहुने तथा यसलाई समयमै जनतामाझ पुऱ्याउनुपर्ने (घोषणापत्रमा अपाङ्गता जस्ता संवेदनशील विषयहरू नछुटेको सुनिश्चित गर्ने) ।
- गलत प्रक्षेपण र तयारीको कमीः निर्वाचन परिणामको मत सर्वेक्षण तथा प्रक्षेपणहरू गलत र भ्रमपूर्ण रहेकाले आगामी दिनमा पूर्वतयारीमा विशेष जोड दिनुपर्ने ।

वैचारिक, राजनीतिक र साङ्गठानिक पुनर्गठन य पुनर्गठनको स्पष्ट व्याख्याः पार्टी पुनर्गठनको व्याख्या केवल व्यक्ति वा नेतृत्व फेर्ने कुरामा मात्र केन्द्रित नगरी वैचारिक धरातल, दूरगामी नीति, कार्यशैली र समग्र संरचनागत सुधारको जगमा गरिनुपर्ने ।

चुस्त साङ्गठानिक संरचनाः पार्टीको साङ्गठानिक संरचना निकै भद्दा भएकाले यसलाई सटिक र चुस्त बनाउनुपर्ने, काम अनुसारको जिम्मेवारी तोकिनुपर्ने र जिम्मेवारी लिएर काम नगर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनुपर्ने। केन्द्रीय कमिटीको आकार ५० प्रतिशतसम्म कटौती गर्नुपर्ने सुझाव ।

- पार्टी र सरकारको नेतृत्व पृथकीकरणः पार्टी अध्यक्ष र प्रधानमन्त्री फरक-फरक व्यक्ति हुने व्यवस्था अवलम्बन गरिनुपर्ने तथा सरकारमा रहनेले पार्टी चलाउन नहुने ।
- सामूहिक नेतृत्व र आन्तरिक लोकतन्त्रः व्यक्तिगत स्वेच्छाचारी निर्णयहरू रोकी सामूहिक नेतृत्व प्रणाली, संस्थागत निर्णय र आन्तरिक लोकतन्त्रको केन्द्रविन्दुमा रहेर दल चलाउनुपर्ने ।
- कार्यकालको सीमा र उमेर हदः कुनै पनि नेता एउटै पदमा २ कार्यकालभन्दा बढी रहन नपाउने व्यवस्था कडाइका साथ लागू गरिनुपर्ने र ७० वर्षमाथिका नेताहरूलाई केन्द्रीय सल्लाहकार परिषद्मा लैजानुपर्ने ।

युवा, नयाँ पुस्ता र प्रविधि परिचालन य युवा प्रतिनिधित्व र पुस्तान्तरणः नयाँ पुस्ता र 'जेन्जी' को भावनालाई बुझ्न पुराना पुस्ताले फराकिलो छाती बनाउनुपर्ने। कमिटीहरूमा ४० वर्षमुनिका युवा तथा विज्ञहरूका लागि ५० प्रतिशत कोटाको व्यवस्था गर्ने र नयाँ युवाहरूलाई पार्टीमा आकर्षित गर्न विशेष अवसर दिनुपर्ने ।

- सूचना प्रविधि र एआई (ब्क्ष्) को प्रयोगः सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म र एआई परिचालनका लागि योजनाबद्ध रूपमा एउटा सशक्त र शक्तिशाली टिम बनाएर विरोधीहरूको कुप्रचार चिर्नुपर्ने । य युवा आन्दोलनको समीक्षाः भदौ २३ र २४ को घटना (जेन्जी आन्दोलन) क्रान्ति हो कि प्रतिक्रान्ति हो भन्नेबारे पार्टीले स्पष्ट दृष्टिकोण बनाउनुपर्ने र यसमा नेपाली युवाहरूको भावनाको प्रतिनिधित्व छ कि छैन भनी विश्लेषण गरिनुपर्ने ।

वर्ग, समुदाय र सामाजिक न्यायका मुद्दा य उत्पीडित र श्रमजीवी वर्गमा ध्यानः दलित, सुकुम्बासी, श्रमजीवी र सीमान्तकृत समुदायमा पार्टीको काम कमजोर बन्दै गएकाले तिनका मुद्दा (जस्तैः छुवाछुत विरोधी अभियान, अन्तरजातीय विवाहमा हुने हिंसाको प्रतिवाद) लाई पार्टीको मुख्य एजेन्डा बनाउनुपर्ने ।

- किसान र श्रमिकका समस्याः देशको ठूलो हिस्सा ओगटने किसान (जस्तैः उखु किसानको समस्या) र श्रमिक वर्गका मुद्दाहरू ओझेलमा पर्न दिन नहुने र योगदानमा आधारित सामाजिक सुरक्षालाई राज्यको सबै तहमा पुऱ्याउन पहल गर्नुपर्ने ।
- समावेशीता र परामर्शः राष्ट्रिय नीति वा घोषणापत्र बनाउँदा विभिन्न वर्ग, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति र मुस्लिम समुदायका विशिष्ट मागहरू सम्बोधन गर्न सम्बन्धित जनसंगठनहरूसँग अनिवार्य परामर्श लिनुपर्ने ।

कार्यशैली, अनुशासन र जनसम्बन्ध य आचरण र व्यवहारमा सुधारः नेता र कार्यकर्ताहरूमा कम्युनिस्ट आचरण हराउँदै गएको, व्यवहार

राजसी/नवसामन्ती हुँदै गएको र कार्यकर्ताहरू दास जस्तो बन्ने अवस्था आएकाले यसमा आमूल

○

सुधार हुनुपर्ने। नेताहरूको भाषाशैलीमा विनम्रता हुनुपर्ने र अपाङ्गताको विषयलाई नकारात्मक बिम्ब बनाएर बोल्न नहुने ।

- उत्पादन र रोजगारसँग आबद्धताः बेरोजगार कार्यकर्ता उत्पादन गर्ने परिपाटी बन्द गरी कार्यकर्ताहरूलाई श्रम र उत्पादनको कामसँग अनिवार्य जोडनुपर्ने ।
- अराजकता र सामाजिक सञ्जालको दुरूपयोगमा नियन्त्रणः पार्टीका जिम्मेवार नेता-कार्यकर्ताहरूले आफ्ना असहमतिहरू पार्टी फोरममा नराखी सामाजिक सञ्जाल वा मिडियामा छरपस्ट पार्ने र नेतृत्वलाई खुइल्याउने पपुलिस्ट प्रवृत्तिको कडा नियन्त्रण र कारबाही गरिनुपर्ने । य गुणस्तरीय सदस्यताः पार्टी सदस्यता विस्तार गर्दा ठेकेदारी प्रथा वा सङख्या् त्मक वृद्धिलाई मात्र नहेरी गुणस्तरीयता र कार्यकर्ताको मूल्याङकन् प्रणालीलाई व्यवस्थित गरिनुपर्ने ।
- कारबाहीमुखी प्रवृत्तिमा सुधारः पार्टीभित्र सधैं 'कारबाही गर्ने' कुरा मात्र नगरी नेतृत्व विकास र आन्तरिक एकतामा जोड दिनुपर्ने ।

जनसङ्गठनहरूको भूमिका र स्वायत्तता य जनसङ्गठनहरूलाई स्वायत्तताः जनसंगठनहरूलाई पार्टीको 'एसमेन' वा गुटउपगुटको लफडामा मात्र सीमित नराखी समुदायका मुद्दामा काम गर्नका लागि स्वतन्त्र र स्वायत्त छाडिदिनुपर्ने ।

- नेतृत्व स्थापित गर्ने नीतिः जनसंगठनमा लामो समय काम गरेका नेताहरूलाई पार्टी कमिटीमा स्थापित गर्ने स्पष्ट नीति र विशेष पहल हुनुपर्ने । य तालिम र संरक्षणः जनसंगठनहरूलाई नियमित प्रशिक्षण दिने र पार्टी सदस्यहरूका लागि स्वास्थ्य बीमा जस्ता अभिभावकीय व्यवस्था गरिनुपर्ने ।

सरकार, सुरक्षा र खुफिया संयन्त्र (क्ष्लतभ्रिष्निभलअभ) य सूचना र खुफिया संयन्त्रको कमजोरीः आफ्नै पार्टी सरकारमा रहँदा समेत देशमा भइरहेका संवेदनशील घटनाहरूको पूर्वसूचना (क्ष्लतभ्रिष्निभलअभ) राज्य र पार्टी संयन्त्रले पाउन नसक्नु ठूलो कमजोरी भएकाले 'इन्टेलिजेन्स म्यानेजमेन्ट' मा ध्यान दिनुपर्ने र यस क्षेत्रका अनुभवी कार्यकर्ताको उपयोग गरिनुपर्ने । य सम्बद्ध मन्त्रीहरूसँगको समन्वयः सरकारमा रहेका मन्त्रीहरूले आफ्ना जनसङ्गठनहरूसँग आवश्यक समन्वय नगरेको र आफ्ना निर्वाचन क्षेत्रमा मात्र बजेट केन्द्रित गर्ने गरेकाले जनमत घटेको हुँदा यसमा सुधार हुनुपर्ने ।

- सत्ताकेन्द्रित राजनीतिः पार्टी सधैं सरकारमै जानुपर्छ भन्ने सत्तामुखी सोच र घमण्ड त्याग्नुपर्ने र विगतका राम्रा कामहरू (भौतिक विकास मात्र नभई मानवीय र सामाजिक विकास) लाई जनतामाझ प्रभावकारी रूपमा लैजानुपर्ने ।

विविध/अन्य विषयहरू य पार्टी छोडेर फर्कनेहरूका लागि नियमः पार्टी विभाजन गरेर वा छोडेर गएका र पुनः फर्केकाहरूलाई तुरुन्तै सेवा-सुविधा वा अवसर नदिई कम्तीमा ३ वर्षको 'परीक्षणकाल' (एचयदबतष्यल एभचष्यम) मा

राख्नुपर्ने ।

- परराष्ट्र र राजदूत नियुक्तिः पार्टीले बनाएर पठाएका राजदूतहरू फर्किएपछि पार्टीकै सत्तोसराप गर्ने प्रवृत्ति रहेकाले राजनीतिक नियुक्ति गर्दा दक्ष र पार्टीप्रति प्रतिबद्ध व्यक्ति मात्र छनोट गर्नुपर्ने । ग्रासरुट रिपोर्टको विश्वसनीयताः 'मिसन ग्रासरुट' जस्ता अभियानहरूबाट आएका रिपोर्टहरू यथार्थपरक नभई गलत र भ्रमपूर्ण रहेकाले र जनअपेक्षाका कार्यक्रमहरू कार्यान्वयन नभएकाले जनताको विश्वास गुमेको विषयमा आत्मसमीक्षा हुनुपर्ने ।
- जटिल शब्दावली परिमार्जनः कम्युनिस्ट पार्टीले प्रयोग गर्ने पुराना राजनीतिक शब्दावलीहरू नवयुवाहरूका लागि जटिल र जडवादी लाग्ने भएकाले तिनलाई परिमार्जन गरी नयाँ पुस्ताले बुझ्ने सरल भाषा बनाउनुपर्ने ।

## १२ सम्पर्क समन्वय  निर्वाचनमा पराजित हुनुका कारणहरू

- साङ्गठानिक तथा कमिटी परिचालनमा कमजोरीः पार्टी परिचालन समय सापेक्ष हुन नसकेको, कमिटी परिचालन व्यवस्थित नभएको र स्थानीय, जिल्ला तथा प्रदेश कमिटीको नेतृत्व तहबाट यथार्थ रिपोर्टिङ हुन नसकेको ।
- उम्मेदवार र नेतृत्व सम्बन्धी समस्याः धेरै ठाउँमा उम्मेदवार छनोट जनभावना अनुरूप नभएको, नेतृत्वको बोली व्यवहार जनचाहना अनुसार नभएको र अवसरका लागि नाता तथा परिवारवाद हावी भएको ।
- नीतिगत तथा राजनीतिक निर्णयहरूः संविधान संशोधनको विषयलाई कार्यान्वयनमा लैजान नसकिएको, नेपाली कांग्रेससँग मिलेर सरकारमा जाने निर्णय गरिएको तथा उमेर हद र दुई कार्यकालको व्यवस्थामा परिवर्तन गरिएको ।
- जनअपेक्षा र कार्यसम्पादनः जनप्रतिनिधिहरूले जनभावना तथा जनअपेक्षा अनुरूप काम गर्न नसकेको र देशमा भएको भौतिक विकास अनुसार रोजगारी उत्पादन लगायतका क्षेत्रमा विकास हुन नसकेको ।

य कार्यकर्ता व्यवस्थापनमा कमजोरीः इमानदार कार्यकर्ताभन्दा अवसरवादी कार्यकर्तालाई बढी जिम्मेवारी दिइएको र पार्टीको आन्तरिक प्रतिस्पर्धामा पराजय भएकाहरूलाई समयमै व्यवस्थापन गर्न नसकिएको ।  य नयाँ पुस्ता र बाह्य भ्रमः नयाँ पुस्तामा पार्टीप्रतिको विश्वास कम हुँदै गएको, भदौ २३ र २४ को घटनाका विषयमा जनतालाई बुझाउन नसकिएको र सुनियोजित फाउन्डेसनहरू प्रयोग गरी फैलाइएका भ्रमहरू चिर्न नसकिएको ।

- प्रचार-प्रसार र सञ्चारमा कमजोरीः चुनावको बेला केन्द्रीय नेतृत्व सबै जिल्लामा पुग्न नसकेको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरू पार्टीको विपक्षमा रहेको र सामाजिक सञ्जालको प्रतिस्पर्धामा पार्टी पछि परेको ।
- आर्थिक तथा बाह्य प्रभावहरूः आर्थिक प्रतिस्पर्धामा पार्टी कमजोर रहेको, डीपस्टेट (म्भभउ क्तबतभ) को प्रभाव परेको, डिजिटल एल्गोरिदमको असर देखिएको र अन्तर्राष्ट्रिय संघसंस्थाहरूको प्रभाव परेको ।

○

**पार्टी सुदृढीकरण र पुनर्गठनका लागि सुझावहरू**
**वैचारिक र एजेन्डागत परिमार्जन:**

- परम्परागत राजनीतिक नाराहरूभन्दा माथि उठेर आजको पुस्ताले खोजेको आर्थिक अवसर, सुशासन, डिजिटल अर्थतन्त्र र रोजगारी सिर्जनालाई पार्टीको मुख्य एजेन्डा बनाउनुपर्ने ।
- मदन भण्डारीद्वारा प्रतिपादित 'जनताको बहुदलीय जनवाद' (जबज) को मूल मर्म कायमै राख्दै आजको खुला बजार, प्रविधि र विश्वव्यापीकरणको सन्दर्भमा यसलाई व्यावहारिक रूपमा व्याख्या र कार्यान्वयन गरिनुपर्ने ।

संगठनात्मक ढाँचा र नेतृत्व व्यवस्थापन:

- पार्टीको माथिल्लो तहदेखि स्थानीय तहसम्म युवाहरूलाई केवल कार्यकर्ताका रूपमा मात्र नभई 'निर्णायक भूमिका' मा स्थापित गरिनुपर्ने र क्षमता एवं योग्यताका आधारमा नयाँ अनुहारलाई अघि बढाउनुपर्ने ।
- निर्णय प्रक्रियालाई छिटो र जिम्मेवार बनाउनका लागि धेरै ठूला र भद्दा रहेका पार्टी कमिटीहरूलाई संकुचन गरी सानो, छरितो र कामकाजी बनाउनुपर्ने ।

कार्यशैली र जनसम्बन्ध सुधार:

- पार्टी आफ्ना सङ्गठित सदस्यहरूको मात्र नभई बाहिर रहेका आम "स्वतन्त्र मतदाता" को पनि प्रिय बन्नका लागि जनचासोका दैनिक मुद्दाहरूमा प्रत्यक्ष जोडिने गरी भोटर-केन्द्रित कार्यशैली अपनाउनुपर्ने ।
- चुनावमा असर पुऱ्याउने आन्तरिक अन्तर्घात र गुटबन्दीलाई कठोरताका साथ नियन्त्रण गर्दै पार्टीभित्र स्वस्थ बहस र आलोचना-आत्मआलोचनाको संस्कृतिलाई पुनर्जीवित गर्नुपर्ने ।

सुशासन, नैतिक शुद्धीकरण र प्रविधिको प्रयोग:

- नेता तथा कार्यकर्ताहरूको सार्वजनिक छवि, जीवनशैली र पारदर्शिता कायम राख्न भ्रष्टाचार विरोधी कडा अडान र सुशासनको प्रतिबद्धतालाई व्यवहारमै देखाउनुपर्ने ।
- प्रविधिको युग अनुकूल हुने गरी पार्टीको सदस्यता वितरण, लेभी सङ्कलन र आम नागरिकसँगको संवादलाई पूर्णरूपमा डिजिटल र आधुनिक बनाउनुपर्ने । य अवसरहरूको न्यायोचित वितरण: संसदीय क्षेत्र, राजनीतिक नियुक्ति लगायतका राज्य र पार्टीका विभिन्न अवसरहरूमा न्यायोचित वितरण गरिनुपर्ने ।

## १३ प्रवास कमिटी

**१. वैचारिक, सैद्धान्तिक तथा नीतिगत सवाल र सुझावहरू** य सिद्धान्त र व्यवहारमा एकरूपताः पार्टीको सिद्धान्त र व्यवहारमा प्रस्ट एकरूपता देखिन आवश्यक छ ।

- प्रत्यक्ष निर्वाचित कार्यकारीः देशमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री कार्यकारी हुने व्यवस्थाको पक्षमा पार्टीले ठोस निर्णय गर्नुपर्छ ।
- प्रदेश संरचनाको खारेजीः प्रदेश संरचना खारेज गरी स्थानीय निकायलाई अझ मजबुत बनाउने व्यवस्थाको पक्षमा पार्टी उभिन आवश्यक छ ।
- पार्टी नीति र कार्यक्रमको समीक्षाः जनताको बहुदलीय जनवाद (जवज) को पुनर्लेखन वा समयानुकूल समीक्षा हुनुपर्छ र समाजवादमा प्रवेश गर्ने सम्बन्धमा रहेको अलमल अन्त्य गरिनुपर्छ ।
  राष्ट्रवाद र विदेश नीतिको समीक्षाः विदेशमा रहेका नेपालीहरूलाई जोड्ने स्पष्ट नीति ल्याइनुपर्छ तथा छिमेकी देश र अन्य राजनीतिक दलहरूसँगको सम्बन्धलाई सन्तुलित र राष्ट्रिय हित अनुकूल बनाइनुपर्छ ।

२. पार्टी संगठन, कमिटी प्रणाली र कार्यशैलीमा सुधार य **कमिटी प्रणालीको सुदृढीकरण र सक्रियताः** गुटबन्दी र कोठे बैठक अन्त्य गरी कमिटी प्रणालीलाई विधिसम्मत र सक्रिय बनाइनुपर्छ । वडा र पालिका कमिटीहरू नियमित बस्ने र गणपूरक संख्या पुग्ने वातावरण बनाउनुपर्छ ।

- **भद्दा कमिटीहरूको कटौतीः** ३०० सदस्यीय केन्द्रीय कमिटीलाई घटाएर चुस्त र कामकाजी बनाउनुपर्छ ।
- नेतृत्व चयन र अवसरको लोकतान्त्रिकीकरणः नेतृत्व चयन मनोनयन वा चिनजानका आधारमा नभई योग्यता, कार्यक्षमता र लोकतान्त्रिक प्रतिस्पर्धाका आधारमा हुनुपर्छ । य **मूल्याङ्कनको मापदण्डः** नेता तथा कार्यकर्ताको मूल्याङ्कन चाकरी वा प्रशंसाको आधारमा नभई भूगोलमा गरेको काम र परिणामको आधारमा पारदर्शी रूपमा गरिनुपर्छ ।
- सदस्यता वितरण र नवीकरणमा सुधारः संख्या बढाउने नाममा जथाभावी सदस्यता बाँड्ने र नवीकरणमा हुने "ठेकेदारी प्रथा" बन्द गरी गुणस्तरीय सदस्यता वितरणमा ध्यान दिनुपर्छ ।

३. पुस्तान्तरण, उमेर हद र कार्यकाल सीमा य **उमेर हद र कार्यकालको पुनरावृत्तिः** पार्टी विधानमा ७० वर्षे उमेर हद र दुई कार्यकालको व्यवस्थालाई पुनः लागू गरिनुपर्छ ।

- नेतृत्व हस्तान्तरण र त्यागः पुराना तथा लामो समय नेतृत्वमा रहेका नेताहरूले नयाँ र तेस्रो पुस्ताका लागि त्याग गरी मार्गप्रशस्त गर्नुपर्छ ।
- एक व्यक्ति, सीमित अवसरः एउटै व्यक्ति लगातार दुई पटकभन्दा बढी एउटै कार्यकारी पदमा रहन नमिल्ने र दुई पटकभन्दा बढी प्रधानमन्त्री, मन्त्री, सांसद वा स्थानीय तहको प्रमुख हुन नपाउने व्यवस्था गर्नुपर्छ ।

- 
- समानुपातिक प्रणालीको दुरूपयोग रोक्ने: एउटै व्यक्तिलाई पटक-पटक समानुपातिकबाट सांसद बनाइनु हुँदैन । राष्ट्रिय सभा सदस्य वा एक पटक प्रत्यक्ष सांसद भइसकेकालाई समानुपातिकमा राख्नु हुँदैन ।

४. आर्थिक अनुशासन, सुशासन र शुद्धीकरण य सम्पत्ति छानबिन र कारबाही: वि.स. २०४८ पछि पार्टीका तर्फबाट प्रधानमन्त्री, मन्त्री, सांसद, स्वकीय सचिव वा राजनीतिक नियुक्ति पाएका सबै व्यक्तिको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति आर्जन गर्नेलाई पदमुक्त र कारबाही गरिनुपर्छ ।

- आचरण र जीवनशैलीमा सुधार: नेता तथा कार्यकर्तामा बढ्दै गएको उपभोक्तावादी, भद्दा, आर्थिक तथा सांस्कृतिक विचलन र नव-सामन्तवादी चिन्तनलाई सुधार गरी सरल जनमुखी आचरण अपनाउनुपर्छ ।
- भ्रष्टाचार र काण्डहरूको सशक्त खण्डन: पार्टीमाथि लागेका विभिन्न काण्डहरू (जस्तैः गिरिबन्धु, भुटानी शरणार्थी, ललिता निवास आदि) को विषयमा सत्यतथ्य स्पष्ट पारी जनतामाझ भ्रम चिर्नुपर्छ ।
- विवादास्पद व्यापारिक सहयोग: विवादित व्यवसायीहरूको सहयोगमा पार्टी कार्यालय बनाउने जस्ता कार्यले पार्टीको छवि धुमिल बनाएकोले यस्ता कार्य तत्काल रोक्नुपर्छ ।

५. उम्मेदवार छनोट र चुनावी रणनीति य भूगोल र स्थानीय सिफारिसको सम्मान: उम्मेदवार चयन गर्दा केन्द्रबाट लाद्ने प्रवृत्ति बन्द गरी स्थानीय कमिटी र भूगोलको सिफारिसलाई प्राथमिकता दिनुपर्छ । आवश्यक परे 'प्राइमरी इलेक्सन' मार्फत उम्मेदवार छानिनुपर्छ ।

- अपवित्र गठबन्धनको अन्त्य: सत्ता स्वार्थका लागि वैचारिक रूपमा नमिल्ने शक्तिहरूसँग अपवित्र चुनावी वा शासकीय गठबन्धन गर्न बन्द गर्नुपर्छ ।
- जनप्रतिनिधि र पार्टी संगठनबीच समन्वय: निर्वाचित प्रतिनिधिहरू शासक र कार्यकर्ता दास जस्तो हुने प्रवृत्तिको अन्त्य गरी पार्टी नीति र घोषणापत्र अनुरूप काम गर्न संयन्त्र बनाउनुपर्छ ।

६. युवा पुस्ता, डिजिटल प्रविधि र जनसम्पर्क य डिजिटल उपस्थिति र सामाजिक सञ्जाल: परम्परागत प्रचार शैली त्यागेर आधुनिक प्रविधि, सामाजिक सञ्जाल र डिजिटल माध्यमबाट युवा पुस्तासँग प्रभावकारी संवाद र भ्रम निवारण गर्नुपर्छ ।

- जेनजी (न्भल-श) आन्दोलनको सन्देश: भदौ २३/२४ को आन्दोलनले दिएको सन्देश र नयाँ पुस्ताको भावना, आकांक्षा र रोजगारीको मागलाई सम्बोधन गर्ने विशेष नीति ल्याउनुपर्छ ।
- सामाजिक सञ्जालमा नियमन: पार्टी हितविपरीत सामाजिक सञ्जालमा जथाभावी अभिव्यक्ति लेख्ने र अनुशासन उल्लंघन गर्ने नेता/कार्यकर्तालाई कडा कारबाही गरिनुपर्छ ।

७. सामाजिक र वर्गीय सवालहरू य भूमिहीन, सुकुम्बासी र श्रमजीवीको प्राथमिकता: पार्टीले आफ्नो मुख्य मताधार रहेका भूमिहीन, सुकुम्बासी, मजदुर, किसान, शिक्षक र कर्मचारीका मुद्दाहरूलाई उपेक्षा गर्न नहुने र तिनको समस्या समाधानमा विशेष ध्यान दिनुपर्छ ।

- महिला सहभागिता र नेतृत्व विकासः कुल मतदाताको ठूलो हिस्सा ओगट्ने महिला वर्गलाई केवल भोट बैंकका रूपमा मात्र प्रयोग नगरी पार्टीको निर्णायक तह र नेतृत्वमा प्रभावकारी सहभागिता सुनिश्चित गर्नुपर्छ ।
- प्रवासी र गैरआवासीय नेपाली सम्बन्धी सवालः विदेशमा बस्ने नेपालीहरूको वंशजको नागरिकता निरन्तरता र उनीहरूका सन्तानलाई नागरिकता प्राप्तिको अधिकारको पक्षमा पार्टी उभिनुपर्छ ।

८. जनसंगठन र भ्रातृ संस्थाहरूको परिचालन य मुद्दा केन्द्रित र जनमुखी परिचालनः जनसंगठनहरू ( विद्यार्थी, युवा, महिला आदि) नेतामुखी र अवसर प्राप्तिको माध्यम मात्र नभई जनताका वास्तविक समस्या बोक्ने र नयाँ कार्यकर्ता उत्पादन गर्ने नर्सरीका रूपमा क्रियाशील हुनुपर्छ ।

९. आन्तरिक अनुशासन र संगठनात्मक सुदृढता य अन्तर्घातमाथि कडा कारबाहीः निर्वाचनमा आफ्नै पार्टीका उम्मेदवार हराउन अन्तर्घात गर्नेहरूलाई बिना मोलाहिजा अनुशासनको दायरामा ल्याई निष्कासन वा कारबाही गरिनुपर्छ ।

- आलोचना-आत्मालोचनाको संस्कृतिः फरक मतलाई निषेध गर्ने र आलोचना सहन नसक्ने प्रवृत्ति हटाई पार्टीभित्र खुला छलफल, लोकतान्त्रिक बहस र रचनात्मक आलोचना-आत्मालोचनाको संस्कृति पुनर्जीवित गर्नुपर्छ ।
- अवकाश प्राप्त कार्यकर्ताको जीविकोपार्जनः पार्टीमा जीवनभर सक्रिय रही निवृत्त हुने इमान्दार कार्यकर्ता र उनीहरूको परिवारको जीविकोपार्जनका लागि आन्तरिक रूपमा मासिक निवृत्तिभरण वा भत्ताको व्यवस्था गरिनुपर्छ ।

□□□